वर्ष २० | अंक १४७ | काठमाडौं | शुक्रवार, १६ फागुन २०८१ | Friday, 28 February 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

NEW BUSINESS AGE LTD.

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com



'काठमाडौं शैक्षिक मेला' गर्दै काठमाडौं महानगरपालिका २

नेशनल लाईफको वार्षिकोत्सवमा विविध कार्यक्रम ३

सरकारी उद्यम किन निरन्तर ओरालो ? ४

धुलिखेल–खावा सडकखण्डको ठेक्का रद्द ८

घर बिक्रिमा

बालकोट चोक नजिक ७ आनामा बनेको घर बिक्रिमा ।

सम्पर्क नं. ९८१३०४४११८

### मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाको प्रभाव

# अटो आयातको रेकर्ड तोडिने सम्भावनामा 'ब्रेक'

**अभियान संवाददाता**

काठमाडौं

नेपालमा सवारीसाधन (अटो) आयात उच्च हुँदा पनि हालसम्म गाडी र तिनका पार्टपुर्जा आयात मात्रैले १ खर्ब रुपैयाँ नाघेको रेकर्ड छैन ।

विद्युतीय सवारीसाधनको उच्च आयातका कारण चालू आर्थिक वर्ष (आव) मा सवारीसाधन र पार्टपुर्जा आयात मूल्य १ खर्ब रुपैयाँभन्दा माथि पुग्ने सम्भावना अटो व्यवसायीदेखि भन्सार अधिकारीसम्मले देखेकै बेला केन्द्रीय बैंकले कडाइ गरिदिएको छ ।

नेपाल राष्ट्र बैंकले चालू आवको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत विद्युतीय सवारीसाधनमा बैंक, वित्तीय संस्थाले प्रवाह गर्ने कर्जामा कडाइ गरेसँगै त्यसले ठूलो असर गर्ने व्यवसायीले बताएका छन् । नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपाल (नाडा) का महासचिव सुरेन्द्रकुमार उप्रेतीले नयाँ नीतिका कारण विद्युतीय सवारीसाधन प्रयोग निरुत्साहित हुन आउने भएकाले पहिलेकै व्यवस्था कायम गर्नुपर्ने बताए ।

उनका अनुसार विद्युतीय सवारीसाधन प्रवर्द्धन गर्ने सरकारी नीतिविपरीत राष्ट्र बैंकले कडाइ गरेको हो, त्यसैले पनि यसको पुनरवलोकन गर्नुपर्छ । 'नेपाल राष्ट्र बैंकको नीतिबाट विद्युतीय सवारीसाधन प्रयोगमा निश्चित रूपमा कमी आउने अवस्था आएको छ,' महासचिव उप्रेतीले भने, 'सरकारले आफ्नो घोषित नीतिको पालना र विद्युतीय सवारीसाधनको हकमा व्यवसायीको लगानी सुरक्षित गर्न यसअघिकै नीति अर्थात् ऋण मूल्य अनुपातको सीमा ८० प्रतिशत नै कायम गर्नुपर्छ ।' सुस्ताएको नेपालको अटोमोबाइल व्यवसायलाई गतिशील बनाउन भन्दै एशोसिएशनले पेट्रोल र डिजेलबाट चल्ने सवारीसाधनको ऋण मूल्य अनुपातको सीमा ५० प्रतिशतबाट ७५ प्रतिशत पुर्‍याउन राष्ट्र बैंकलाई अनुरोध गर्दै आएको थियो । मौद्रिक नीतिको समीक्षाले व्यक्तिगत सवारीसाधन र सबै प्रकारका विद्युतीय सवारीसाधनको ऋण मूल्य अनुपातको सीमा ६० प्रतिशत कायम गरेको छ । पेट्रोल र डिजेलबाट चल्ने सवारीसाधनको सन्दर्भमा उक्त व्यवस्था सराहनीय भए पनि विद्युतीय सवारीसाधनमा पनि सोही व्यवस्था गर्दा तिनको व्यवसायमा लागेका व्यवसायीलाई ठूलो मर्का पर्ने बिहीवारै नाडाले विज्ञप्तिमार्फत बताएको छ ।



- विद्युतीय सवारीसाधन खरीदमा ८० प्रतिशत कर्जा दिइरहेका बैंक, वित्तीय संस्थाले अब ६० प्रतिशत मात्र दिन पाउने
- राष्ट्र बैंकको कदम विद्युतीय सवारीसाधन प्रवर्द्धन गर्ने सरकारी नीतिविपरीत
- यो वर्ष सवारीसाधन र पार्टपुर्जा आयात मूल्य १ खर्ब रूपैयाँभन्दा माथि पुग्ने सम्भावना देखेको भन्सार अधिकारीहरूको भनाइ



**नेपाल राष्ट्र बैंकको नीतिबाट विद्युतीय सवारीसाधनको प्रयोगमा निश्चित रूपमा कमी आउने अवस्था आएको छ । सरकारको आफ्नो घोषित नीतिको पालना र व्यवसायीको लगानी सुरक्षित गर्न यसअघिकै नीति कायम गर्नुपर्छ ।**

**सुरेन्द्रकुमार उप्रेती**
महासचिव, नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपाल (नाडा)

मौद्रिक नीतिले सरकारको नीतिलाई नै उपेक्षा गरेको नाडाको भनाइ छ । नाडाले विज्ञप्तिमा भनेको छ, 'सरकारले नीतिगत रूपमै ग्रीन इनर्जीलाई उच्च प्राथमिकता दिने निर्णय गरी सोहीअनुरूप विद्युतीय सवारीसाधनलाई विशेष सुविधा प्रदान गर्दै आएकोमा वर्तमान मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाले सरकारको उक्त नीतिलाई नै उपेक्षा गरेको देखिन्छ ।'

भन्सार विभागको तथ्यांकअनुसार गत साउनदेखि माघसम्ममा ५५ अर्ब २१ करोड रुपैयाँ बराबरको सवारीसाधन आयात भइसकेको छ । गत आवको सोही अवधिको तुलनामा झन्डै पौने १३ अर्ब रुपैयाँले आयात बढेको छ । गत आवको माघसम्ममा ४२ अर्ब ५३ करोड रुपैयाँको गाडी तथा तिनका पार्टपुर्जा आयात भएका थिए ।

गत आवभरिमा भने ८५ अर्ब ७४ करोड रुपैयाँको गाडी तथा पार्टपुर्जा आयात भएको तथ्यांक छ । 'अहिलेकै तथ्यांकलाई तुलनात्मक रूपमा हेर्दा यस वर्ष सवारीसाधन र तिनका पार्टपुर्जाको आयात १ खर्ब रुपैयाँ नाघ्ने देखिन्छ,' भन्सार विभागका एक उच्च अधिकारीले भने ।

गतवर्षको तुलनामा यस वर्ष विद्युतीय र इन्धनबाट चल्ने दुवै किसिमका सवारीसाधनको आयात बढेको छ । दुईपांग्रे सवारीसाधनको आयात भने धेरै बढेको देखिन्छ । » बाँकी पृष्ठ ५ मा

### दुई ठूला अन्तरदेशीय प्रसारण लाइन निर्माण

# नेपाल र भारतबीच संयुक्त कम्पनी स्थापना प्रक्रिया शुरू

**प्रशान्त खड्का**

काठमाडौं



४०० केभी क्षमताका दुई ठूला अन्तरदेशीय प्रसारण लाइन बनाउन नेपाल र भारतबीच संयुक्त कम्पनी निर्माण प्रक्रिया शुरू भएको छ । यी दुई ठूला अन्तरदेशीस प्रसारण लाइन इनरुवा-न्यू पूर्णिया र दोधरा-बरेली हुन् ।

गएको २९ माघमा दुई देशका ऊर्जासचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएससी)को १२औं बैठकमा दुई देशका अधिकारीबीच संयुक्त लगानीमा ४०० केभी क्षमताका चार र २२० केभी क्षमताको एकसहित पाँच नयाँ अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने सहमति भएको थियो । उक्त बैठकले प्रसारण लाइन निर्माण गर्न लगानीको मोडालिटीसमेत निर्धारण गरेको थियो ।

सोही मोडालिटीअनुसार अहिले नेपालका तर्फबाट विद्युत् प्राधिकरण र भारतका तर्फबाट पावर ग्रीड कर्पोरेशन अफ इन्डियाको लगानी रहने गरी कम्पनी स्थापना हुन लागेको नेपाल विद्युत् प्राधिकरणको प्रसारण निर्देशनालय प्रमुख तथा उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले आर्थिक अभियानलाई बताए ।

उनका अनुसार सरकारले ऊर्जा विकास मार्गचित्रमा राखेको लक्ष्य प्राप्त गर्न २०३५ सम्ममा ती प्रसारण लाइन सञ्चालनमा ल्याउने उद्देश्यसहित अहिले दुई देशबीच संयुक्त उपक्रम कम्पनी स्थापनाको तयारी अघि बढेको हो ।

'कम्पनी स्थापना गर्न संयुक्त उपक्रम तथा शेयर स्वामित्व सम्झौताको मस्यौदा तयार गरेर नेपालले भारतलाई पठाइसकेको छ । अब भारतको पावर ग्रीड कर्पोरेशन अफ इन्डियाबाट उक्त मस्यौदा स्वीकृत भएर आएपछि त्यसलाई मन्त्रिपरिषद्मा पेश गरिनेछ । मन्त्रिपरिषद्को स्वीकृतिपछि संयुक्त कम्पनी स्थापनाका लागि बाटो खुल्नेछ,' उनले भने ।

यसरी नेपालतर्फको प्रसारण लाइन निर्माणका लागि स्थापित कम्पनीमा प्राधिकरणको ५१ र पावर ग्रीडको ४९ प्रतिशत शेयर स्वामित्व रहनेछ । भारततर्फको प्रसारण लाइन निर्माणका लागि स्थापना हुने कम्पनीमा पावर ग्रीडको ५१ र विद्युत् प्राधिकरणको ४९ प्रतिशत शेयर रहने सहमति यसअघिको बैठकले गरिसकेको छ । » बाँकी पृष्ठ ५ मा

### ऊर्जा मन्त्रालयलाई कुलमानको जवाफ

# पदमुक्त गर्ने अधिकार मन्त्रालयलाई छैन

**अभियान संवाददाता**

काठमाडौं



**मेरो नियुक्तिपश्चात् प्रगतिको सूचकांकले सबै प्रगति उजागर गर्छ । तसर्थ आत्मगत रूपमा जवाफ चित्तबुझ्दो नभएको भनी पुनः स्पष्टीकरण माग गरिनु कानून र न्यायको मान्य सिद्धान्त प्रतिकूल छ ।**

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आफूलाई पदमुक्त गर्ने अधिकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग नभएको जवाफ दिएका छन् । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको निर्णयअनुसार मन्त्रालयले मंगलवार सोधेको स्पष्टीकरणको जवाफी पत्रमा घिसिङले यस्तो उल्लेख गरेका हुन् ।

मन्त्रालयले घिसिङसँग स्पष्टीकरण सोधेको यो चौथोपटक हो । मन्त्रालयले यसअघि घिसिङलाई २२ असोजमा १५ बुँदे, १३ कात्तिकमा ६ बुँदे र २२ पुसमा ९ बुँदे स्पष्टीकरण सोधेको थियो ।

घिसिङले यसअघि दिएको जवाफ वस्तुगत र चित्तबुझ्दो नभएको भन्दै मन्त्री खड्काले चौथोपटक स्पष्टीकरण सोध्ने निर्णय गरेका थिए ।

डेडिकेटेड फिडर र ट्रंक लाइनमार्फत विद्युत् उपयोग गरेका उद्योगहरूबाट बक्यौता महशुल असुली गर्ने विषयलाई लिएर घिसिङ र खड्काबीचको सम्बन्ध पछिल्लो समय निक्कै चिसिएको छ । घिसिङ उक्त बक्यौता जसरी पनि असुल गर्ने पक्षमा छन् भने प्रधानमन्त्री केपी शर्मा ओली र ऊर्जामन्त्रीले बक्यौता असुलीका लागि कठोर कदम चाल्न प्राधिकरणलाई रोकिरहेका छन् ।

मंगलवार साँझ मन्त्रीस्तरीय निर्णयमार्फत २४ घण्टाभित्र स्पष्टीकरण बुझाउन निर्देशन दिएको मन्त्रालयलाई घिसिङले आफूलाई मन्त्रिपरिषद्ले ४ वर्षका लागि नियुक्त गरेकाले हटाउने विषयमा स्पष्टीकरण सोध्ने वा कारबाही गर्ने अधिकार ऊर्जा मन्त्रालयलाई नभई मन्त्रिपरिषद्लाई मात्रै भएको जवाफ दिएका छन् ।

» बाँकी पृष्ठ ५ मा

# बीमा सूचना केन्द्र स्थापनाको बाटो खुल्यो

**अभियान संवादाता**

काठमाडौं

- जालसाजी र ठगी गर्ने व्यक्ति कालोसूचीमा पर्ने
- बीमा गर्न ५ वर्षसम्म निषेध

बीमा क्षेत्रको सूचना संकलन र आदानप्रदान गर्ने तथा जालसाजी र ठगी गर्ने व्यक्तिलाई कालोसूचीमा राख्ने व्यवस्था सहितको बीमा सूचना केन्द्र सञ्चालनको बाटो खुलेको छ ।

सरकारले मंगलवार जारी गरेको बीमा नियमावली, २०८१ मा बीमा सूचना केन्द्र सञ्चालनको व्यवस्था गरेसँगै यसको थालनी गर्ने बाटो खुलेको हो । दुई वर्षअघि जारी भएको बीमा ऐन, २०७९ मा बीमा सूचना केन्द्रको प्रावधान भए पनि यो सञ्चालनको मोडालिटीबारे स्पष्ट व्यवस्था नहुँदा शुरु हुन सकेको थिएन । नियमावलीमा यसबारे उल्लेख भएपछि प्रक्रिया अघि बढाउन बाटो खुलेको नेपाल बीमा प्राधिकरणका प्रवक्ता सुशीलदेव सुवेदीले बताए ।


ऐनको दफा १५५ मा बीमा क्षेत्रको सूचना संकलन गरी एकीकृत र व्यवस्थित गर्न सूचना केन्द्र स्थापना गर्ने उल्लेख छ । बीमा नियमालीको नियम १०८ मा सूचना केन्द्रले बीमासम्बन्धी सूचना संकलन, भण्डारण तथा वितरण गर्ने उल्लेख छ ।

केन्द्रले बीमा ठगी, जालसाजी, किर्तेलगायतका बीमा अपराध गरेको र अस्वाभाविक तथा शंकास्पद गतिविधि गर्नेलाई कालोसूची वा शंकास्पद सूचीमा राख्ने प्रावधान छ । यसैगरी केन्द्रलाई बीमासम्बन्धी आवधिक प्रतिवेदन बनाउने, बीमासम्बन्धी आवश्यक तथ्यांक संकलन गर्नेलगायत जिम्मेवारी तोकिएको छ । बीमकले आवश्यक विवरण, सूचना तथा जानकारी केन्द्रलाई उपलब्ध गराउनुपर्ने प्रावधान पनि नियमावलीमा छ ।


यसअघि प्राधिकरणले बीमा कम्पनीबाट समेत शेयर रकम उठाएर सूचना केन्द्र स्थापना गर्ने तयारी गरेको थियो । प्राधिकरणले बीमा इन्स्टिच्युट सञ्चालनमा ल्याए पनि सूचना केन्द्रको योजनाले भने मूर्त रुप लिन सकेन । प्राधिकरणले बैंक, वित्तीय संस्थाको कर्जा सूचना केन्द्रकै मोडलमा बीमा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने योजना बनाएको छ । नियमावली जारी भएसँगै प्राधिकरणलाई केन्द्र सञ्चालनमा ल्याउने कानूनी आधार समेत बनेको छ ।

हाल बैंक, वित्तीय संस्थाबाट कर्जा लिने ग्राहकको सूचना आदानप्रदान गर्ने तथा ऋण नतिर्नेलाई कालोसूचीमा राख्ने काम कर्जा सूचना केन्द्रले गर्दै आएको छ । बीमामा पनि धेरैओटा कम्पनीमा बीमा गर्ने र ठगी गर्ने प्रवृत्ति बढेसँगै नियन्त्रणका लागि सूचना केन्द्रको माग हुँदै आएको थियो ।


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




# धानको समर्थन मूल्य तोक्ने, खरीद नगर्ने सरकारी प्रवृत्ति

**प्रशान्त खड्का**

काठमाडौं

आफैले तोकेको न्यूनतम समर्थन मूल्यमा किसानको धान किन्ने लक्ष्यमा सरकार चुकेको छ । हरेक वर्ष धानलगायत मुख्य बालीको समर्थन मूल्य तोक्ने तर खरीद नगर्ने सरकारी प्रवृत्ति बढ्दै गएको देखिन्छ ।

चालू आर्थिक वर्ष (आव) २०८१/८२ मा सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले ७३ हजार ६२० मेट्रिक टन धान खरीद गर्ने लक्ष्य राखेको थियो । यसका लागि सरकारले २ अर्ब ६५ करोड रुपैयाँ बजेट छुटयाइएको थियो । तर, सिजनको अन्त्य भइसक्दा कम्पनीले जम्मा ११ हजार ६३६.८३ मेट्रिक टन मात्रै धान खरीद गरेको छ ।

सरकारको यस्तो प्रवृत्ति पुरानै रोग भएको खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारी बताउँछन् । सरकारले नीति, कार्यविधि, कार्यक्रम बनाएर बजेट ल्याए पनि त्यसको कार्यान्वयन गर्न नसक्नु विडम्बना भएको उनको भनाइ छ ।

'सरकारको नियत नै समर्थन मूल्य तोक्ने र खरीद नगर्ने स्पष्ट देखिएको छ । यस्तो लापरबाहीले खाद्य सुरक्षाको हिसाबले खतरा पर्न सक्छ र खाद्य सन्तुलन मिलाउन पनि समस्या हुन सक्छ,' उनले भने । कम्पनीका सूचना अधिकारी शर्मिला न्यौपाने सुवेदीले हालसम्मकै ठूलो लक्ष्य राखेर धान खरीद शुरू गरिए पनि ढिलो गरी काम शुरू हुँदा लक्ष्यमा चुकेको आर्थिक अभियानलाई बताइन् ।

सरकारले तोकेकोभन्दा स्थानीय व्यापारीले बढी मूल्यमा धान किन्न थालेपछि किसानले व्यापारीलाई नै बेच्दा खाद्यले चाहेर पनि लक्ष्यअनुसार किन्न नसकेको उनले बताइन् । चालू आवका लागि सरकारले मोटा धानको न्यूनतम समर्थन मूल्य प्रतिक्वीन्टल ३ हजार ४१० रुपैयाँ ५१ पैसा र मध्यम धानको ३ हजार ५८० रुपैयाँ ६२ पैसा तोकेको थियो ।


'यस वर्ष हामीले ठूलो लक्ष्यका साथ खरीद गर्ने भनेर विभिन्न पालिकासँग पनि सहकार्य गरेका थियौं । तर, ढिलो गरी खरीद शुरू हुँदा र स्थानीय व्यापारीको मूल्य हाम्रोभन्दा बढी हुँदा लक्ष्यभन्दा निकै कम खरीद गर्न सक्यौं,' प्रवक्ता सुवेदीले भनिन्, 'हामीले स्थानीय व्यापारीसँग प्रतिस्पर्धा गरेर उनीहरूले भन्दा बढी मूल्य पनि दिन सक्दैनौं । यद्यपि, किसानले बढी मूल्य पाउनु राम्रो कुरा हो ।' विगत वर्षहरूमा पनि खाद्यले लक्ष्यअनुसार धान खरीद गर्न नसकेको तथ्यांक छ । यसअघि खाद्यले आव २०८०/८१ मा ५० हजार २०० मेट्रिक टन धान खरीद लक्ष्य राखे पनि ९ हजार ३०० मेट्रिक टन मात्रै खरीद गर्न सकेको थियो ।

किसानको धान किन्न छुट्टयाएको बजेट भारतबाट चामल आयात गर्नमा खर्च हुने गरेको छ । सरकारले छुट्टयाएको २ अर्ब ६५ करोड रुपैयाँबाट खाद्यले यस वर्ष ४० करोड २८ लाख ३६ हजार १९१ रुपैयाँको मात्रै धान किनेको छ । बाँकी रहेको बजेटबाट अब चामल किन्ने योजना रहेको सूचना अधिकारी न्यौपानेले बताइन् । धान किन्नका लागि छुट्टयाएको बजेट भारतबाट चामल आयात गर्न खर्च हुने विषयमा प्रतिक्रिया दिँदै सुवेदीले भनिन्, 'हामीले हाम्रै मुलुकका उद्योगीलाई खरीदको ठेक्का दिन्छौं । उहाँहरूले कहाँबाट ल्याउनुहुन्छ, थाहा भएन तर उहाँहरूले नेपाली उत्पादन नै ल्याउनुहुन्छ होला भन्ने हो ।'

**आव २०८१/८२ को धान खरीद प्रगति विवरण**

| खरीद केन्द्र | धानको किसिम | खरीद परिमाण (मेट्रिक टन) | जम्मा रकम (रूपैयाँ) |
|---|---|---|---|
| लहान | सोना मन्सुली | ५.१ | १९०,५२४ |
| जनकपुर | सोना मन्सुली | ५३४ | १९,१४२,१३७ |
| वीरगञ्ज | सोना मन्सुली | २१७ | ७,७९४,२९३ |
| पोखरा | जेठो बूढो | ०.७३ | ७३,०५० |
| नेपालगञ्ज | मोटा धान | ७६५ | २६,१०२,१३३ |
| | मध्यम धान | २,४३७ | ८७,२६९,१६२ |
| राजापुर | मोटा धान | ३,५४१ | १२०,७९१,४६५ |
| | मध्यम धान | १९३ | ६,९४३,५३८ |
| धनगढी | मोटा धान | ३,४५० | ११७,६६८,८७० |
| महेन्द्रनगर | मोटा धान | ३३१ | ११,२९४,५८५ |
| तुलसीपुर | मोटा धान | १६३ | ५,५६६,४२९ |
| **जम्मा** | | **११,६३६.८३** | **४०२,८३६,१९१** |

*स्रोत : खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड*



काठमाडौँको बुढानीलकण्ठ सडकबाट देखिएको बस्ती ।

तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

# होटल बन्दीपुर हिल अन्तिम चरणमा

तनहुँ। बन्दीपुरमा निर्माणाधीन पाँचतारे होटल बन्दीपुर हिल अन्तिम चरणमा पुगेको छ । सत्र तले कुइन टावर नामकरण गरिएको सो होटल आगामी जेठ महीनाबाट सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

बन्दीपुर-४ बरालथोकमा निर्माणाधीन सो होटलबाट माछापुच्छ्रेदेखि लाङटाङसम्मको हिशृंखला र अन्य मनोरम दृश्यावलोकन गरी मज्जा लिन सकिनेछ । त्यसैगरी बजार क्षेत्रलाई हेर्न सकिन्छ, जुन पर्यटकका लागि पृथक् र रोचक अनुभव हुन सक्ने बताइएको छ ।



बन्दीपुर हिलले प्याकेजका रूपमा र्‍याफ्टिङ, रकक्लाइम्बिङ, जीपलाइन स्काई-साइक्लिङलगायत साहसिक खेलको गन्तव्यका रूपमा विकास गर्न लागेको बन्दीपुर हिलका महाप्रबन्धक रोमनमान श्रेष्ठले जानकारी दिए । उनका अनुसार यस होटलमा ८० कोठा रहनेछन् । परियोजनाले तल्लो स्टेशनमा तीन अर्ब ८३ करोड रुपैयाँ लगानी गरिसकेको छ । परियोजनाको कुल लागत ६ सय २९ करोडमध्ये करीब चार सय ३३ करोड बराबरको काम सम्पन्न गरिसकेको बताइएको छ ।

'साहसिक खेलका साथै खड्गदेवी मन्दिरको दर्शन गर्न सकिन्छ, बन्दीपुरमा घुम्न आउने पर्यटकले पृथक् अनुभव लिन सक्नेछन्,' महाप्रबन्धक श्रेष्ठले भने, 'रेशमी खेती, मौरीपालनसँगै समुदायको विकासका लागि बन्दीपुर हिललाई सामूहिक उद्यमी क्षेत्रमा नमूना बनाइँदैछ ।'

बन्दीपुर-४ ठुलढुंगास्थित केबलकारको तल्लो स्टेशन ८० रोपनी क्षेत्रफलमा होटलसहित उद्यान निर्माण गरिएको छ, जुन पृथ्वी राजमार्ग सडक छेउमा रहेको छ । एक हजार ६ सय १६ मिटर लामो दूरीमा चल्ने केबलकारबाट उक्त दूरी पार गर्न करीब सात मिनेट लाग्नेछ । *रासस*

# चितवनमा 'बेबी कर्न' को जातीय परीक्षण शुरू

चितवन । तरकारी खाने मकै (बेबी कर्न)को जातीय परीक्षण शुरू गरिएको छ । पूर्वी चितवनको कालिका नगरपालिकामा यो परीक्षण शुरू गरिएको हो । कालिका नगरपालिका-१ मा करीब तीन कट्ठा जग्गालाई १४ ओटा प्लटमा विभाजन गरी सात प्रजातिका बेबी कर्नको जातीय परीक्षण शुरू गरिएको कृषि विकास कार्यालय चितवनका सूचना अधिकारी सुरुचि त्रिपाठीले जानकारी दिइन् ।

उनका अनुसार सिपी ८०८, जेकेएमएच ५०२, रामपुर हाइब्रिड १०, १२ र १६, एमएम ११०७ र राजकुमार जातका मकैको जातिय परीक्षण शुरू गरिएको हो । अन्य मकैको खेती गर्दै आएका किसानलाई लक्षित गर्दै यो परीक्षण शुरू गरिएको हो । स्थानीय विवस भट्टको जग्गामा यी जातका बेबी कर्नको परीक्षण शुरू गरिएको हो । जहाँ जातीय परीक्षण, झारपात व्यवस्थापन र मलखाद व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने विषयमा अध्ययन गरिने छ ।



कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरका सहप्रध्यापक डा. माधवप्रसाद न्यौपानेले यहाँ परीक्षण गर्न लागिएका सात जातमध्ये ६ वटा जातको परीक्षण पहिलो पटक गर्न लागिएको बताए । उनले भने, 'यसअघि रामपुर हाइब्रिड १० को कृषि तथा वन विज्ञान विश्व विद्यालयमा परीक्षण गरिएको थियो ।' यो मकैको कलिलो खोयालाई तरकारी र सलादको रूपमा प्रयोग गर्न सकिने छ । यो मकैप्रति हेक्टर क्षेत्रफलमा एक लाख २५ हजार बिरुवा लगाउन सकिने उहाँले जानकारी दिए । लगाइएको ५० देखि ७० दिनमा उत्पादन लिई सक्नुपर्ने उनले बताए । यो मकै भाँच्ने समयमा ध्यान दिन नसके खान मिल्ने कलियो खोया कडा रूपमा परिणत हुने भएकाले उनले सतर्कतापूर्वक परीक्षण गर्न लागिएको बताए । एकपटक लगाएको बिरुवाबाट चार पटकसम्म उत्पादन लिन सक्ने भएकाले अर्को मकैको ठाउँमा यो मकै कृषकका लागि उत्तम हुने उनले जानकारी दिए ।

कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेलले प्रदेश सरकारको स्वीकृत कार्यक्रमअनुसार चितवनमा पहिलो पटक परीक्षणका रूपमा खेती शुरू गरिएको बताए । प्रसारका कार्यक्रम अन्तर्गत प्रविधिको प्रयोग र नयाँ उत्पादनको खोजी गरिएको उनले बताए । *रासस*

# भक्तपुर-नगरकोट सडकको स्तरोन्नति चाँगुनारायण नगरपालिकाले गर्ने

भक्तपुर । भक्तपुरको प्रमुख पर्यटकीय गन्तव्य नगरकोट जाने मुख्य सडक अब चाँगुनारायण नगरपालिका आफैले स्तरोन्नति गर्ने भएको छ। आउँदो वैशाखदेखि चाँगुनारायण नगरपालिकाले आयोजना गर्न लागेको नगरकोट भ्रमण वर्ष, २०८२ लाई लक्षित गर्दै नगरपालिकाले भक्तपुर-नगरकोट सडक आफैले स्तरोन्नति गर्ने गरी बोलपत्र आह्वान गरेको छ ।



एक्जिम बैंक इण्डियाको ऋण सहयोगमा नेपाल सरकारसँग २०७३ असार ३ गतेसम्म सम्पन्न गर्नेगरी २०७१ जेठ २२ गते शैलुङ कन्स्ट्रक्सन र भारतीय कम्पनी अराभली इन्फ्रापावर लिमिटेडले संयुक्त निर्माण सम्झौता भएको थियो । रू. २७ करोडमा ठेक्का सम्झौता गरी ११ वर्षमा १० औं पटक म्याद थप गरेर लागत बढाउँदै ३१ करोड पुग्दा पनि सडक निर्माण हुन सकेको थिएन। काम नभएपछि गत पुस अन्तिम साता सडक सुधार तथा विकास परियोजना निर्देशनालयले उक्त सडकको ठेक्का सम्झौता रद्द गर्ने निर्णय गरेको थियो ।

भ्रमण वर्ष अगाडि सडकको काम नहुने अवस्था आएपछि नगरपालिकाकै आन्तरिक स्रोतबाट स्तरोन्नति गर्नेगरी बोलपत्र आह्वान गरेको हो । नगरप्रमुख खत्रीले भने, 'चाँगुनारायण नगरपालिकाले आयोजना गर्ने नगरकोट भ्रमण वर्ष नगरकोटको मात्रै नभई सिंगो देशको महोत्सव हो, यही सडकका कारणले महोत्सवमा समस्या आउन दिनुहुँदैन । मैले जनतासँग प्रतिबद्धता गरेको छु, त्यो प्रतिबद्धता पूरा गर्दै भ्रमण वर्ष सफल पार्न नगरपालिकाले नै सडक स्तरोन्नति गर्न ठेक्का आह्वान गरेको हो ।'

संघीय सरकारको यो सडक स्तरोन्नति गर्न यस वर्ष बजेट नभएको र प्रक्रियामा जाँदा प्रक्रिया पूरा गर्ने लामो समय लाग्ने भएपछि नगरपालिका आफै सक्रिय भएको उनले बताए । भक्तपुर नगरकोट सडकका नगरपालिकातर्फका सबइञ्जिनयर सनिश वनमालाले ठेक्का सम्झौता गरी वैशाखदेखि सडकका स्तरोन्नति शुरू हुने बताए। भत्केकोपाटीदेखि नगरकोटसम्म १५ किलोमिटर लामो सडक कालोपत्रको काम सम्झौता लगत्तै तीव्र गतिमा अघि बढाइने उनले बताए । *रासस*

# सिमेन्टमा मूल्यवृद्धिको विरोधमा प्रदर्शन

वीरगञ्ज (अस) । सिमेन्टमा मूल्यमा कार्टेलिङ गरिएको भन्दै वीरगञ्जमा बिहीवार प्रदर्शन भएको छ । मधेशका प्रदेशसभा सदस्य रहबर अन्सारीको अगुवाइमा सिमेन्टको बोराको पोशाक लगाएर प्रदर्शन गरिएको हो ।




वीरगञ्जको घण्टाघरबाट निस्किएको विरोध जुलुस नगर परिक्रमा गरी घण्टाघरमै पुगेर विरोधसभामा परिणत भएको थियो । 'मूल्य बढेको बढ्यै, हामी हेरेको हेर्‍यै, राज्य डुब्दैछ पूरै, राज्य हेरेको हेर्‍यै' जस्ता नारा लेखिएका प्लेकार्डसहित जुलुस निकालिएको थियो । निर्माण क्षेत्र ठप्प भएर सिमेन्टको माग नभएको अवस्थामा पनि उद्योगीहरूले कार्टेलिङ गरेर मूल्य बढाएको आरोप अन्सारीले बताए । 'सिमेन्ट उद्योगीको यो सिन्डिकेटमा सरकार मूकदर्शक बनेको छ । यो केवल एउटा प्रदर्शनमात्र होइन, जनताको जागरण हो,' उनले भने। अन्सारीले सिमेण्ट उद्योगहरूले कार्टेलिङ गरेर सिमेन्टको मूल्य बढाएको भन्दै सर्वोच्च अदालतमा रिटसमेत दिएका छन् ।

# स्वास्थ्य सेवा ऐनको मस्यौदा अन्तिम चरणमा : मन्त्री पौडेल

काठमाडौं। स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले 'स्वास्थ्य सेवा ऐन'को मस्यौदा अन्तिम चरणमा रहेको बताएका छन् । व्यवस्थित स्वास्थ्य नीति बनाएर अघि बढ्नुपर्ने उल्लेख गर्दै उनले समग्र स्वास्थ्य क्षेत्रलाई लिएर नीति निर्माणको प्रक्रिया अगाडि बढिरहेको बताए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा बिहीवार '२८औं स्वास्थ्य सेवा दिवस २०८१'को अवसरमा आयोजित कार्यक्रममा मन्त्री पौडेलले भने, 'एकीकृत स्वास्थ्य सेवा ऐन नै ल्याउन खोजिएको हो । सबैलाई समेटेर लैजान खोजिरहेका छौं । ऐनलाई सरोकारवालासँग छलफल गरेर निष्कर्षमा पुऱ्याउनुपर्नेछ । स्वास्थ्य सेवाभित्रका जनशक्तिका सबै विषय ऐनभित्र समेट्ने प्रयास गरिरहेका छौं ।'



मन्त्री पौडेलले सङ्घीयताको अवधारणा अनुसार स्वास्थ्य सेवा विस्तार गर्न आवश्यक रहेको बताए । उनले भने, 'स्वास्थ्यकर्मी दबाबमा रहेर काम गर्न सक्दैनन् । काम गर्ने वातावरण निर्माण गर्नुपर्छ । जनशक्ति यहाँ बस्न चाहेका छैनन् । आवश्यक क्षमता अभिवृद्धि गर्ने वातावरण बनेको छैन, व्यक्तिगत उन्नयनको परिस्थिति सहज बनाइनुपर्छ । यो पनि 'स्वास्थ्य सेवा ऐन'मा समावेश गर्नुपर्छ ।'

स्वास्थ्य मन्त्रालयका पूर्वसचिव रोशन पोखरेलले स्वास्थ्य सेवालाई विशेष बनाउन छुट्टै 'स्वास्थ्य सेवा ऐन' आवश्यक रहेको धारणा राखे । उनले भने, 'कर्मचारीलाई उत्प्रेरणा आवश्यक छ। दरबन्दीको समस्या हल गर्नुपर्छ । संघीयतामा स्वास्थ्य सेवाको स्थान स्पष्ट हुनुपर्छ । स्वास्थ्य सेवालाई एकीकृत नपार्ने हो भने यसको नतीजा राम्रो आउन सक्दैन ।'

मन्त्रालयका नीति, योजना तथा अनुगमन महाशाखा प्रमुख डा. कृष्णप्रसाद पौडेलले स्वास्थ्य क्षेत्रका विभिन्न सूचकमा उल्लेखनीय प्रगति भएको बताए । उनले भने, 'विभिन्न चुनौतीका बीचमा पनि स्वास्थ्यका सूचकमा सुधार देखिएको छ । यद्यपि, अझै पनि दूरदराजमा स्वास्थ्य सेवा पुऱ्याउन सकिएको छैन । स्वास्थ्यकर्मीलाई उत्प्रेरित गर्न आवश्यक छ । एकातिर जनशक्ति अभाव छ भने अर्कोतिर जनशक्ति पलायन हुने चुनौती देखिएको छ ।'

नेपाल स्वास्थ्यकर्मी युनियनका अध्यक्ष उज्ज्वलकुमार शर्माले स्वास्थ्यकर्मीको दरबन्दी समाधान गर्न 'संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम)' आवश्यक रहेको बताए। उनले 'एकीकृत स्वास्थ्य सेवा ऐन' सबै तहका कर्मचारीको सल्लाह लिएर बनाउनुपर्ने धारणा राखे ।

'सर्वसुलभ स्वास्थ्य सेवा : निरोगी नेपाल हाम्रो प्रतिबद्धता' नारासहित बिहीवार '२८औं स्वास्थ्य सेवा दिवस' देशभर विभिन्न कार्यक्रम गरी मनाइको छ । *रासस*

# ट्राफिक प्रहरी पोस्ट काँकडभिट्टाबाट टिभिआरएस प्रणाली शुरू

बिर्तामोड । ट्राफिक प्रहरी पोस्ट काँकडभिट्टाले बिहीवारदेखि मेचीनगरअन्तर्गतका मुख्य सडकमार्गमा ट्राफिक भाइलेसन रेकर्डिङ सिस्टम (टिभिआरएस) प्रणाली लागू गरेको छ । काँकडभिट्टा ट्राफिक प्रहरी पोष्टका प्रमुख प्रहरी नायव निरीक्षक पूर्ण गौतमका अनुसार सो प्रणाली लागू भएसँगै यातायात व्यवस्थापनमा सहयोग पुग्नेछ । साथै ट्राफिक नियमविपरीत सवारीसाधन चलाउँदा दण्डित सवारीचालकले नगदको सट्टा बैंकिङ प्रणालीबाट कारोबार गर्नुपर्ने हुन्छ ।

यसअघि झापाको बिर्तामोड र दमकमा शुरू भएको टिभिआरएस प्रणालीलाई पूर्वतर्फ विस्तार गरी मेचीनगरसम्म पुऱ्याइएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी निरीक्षक गणेश पौडेलले जानकारी दिए । आगामी दिनमा झापाको गौरीगञ्ज, कन्काई, सुरुंगा, बुद्धशान्ति, अर्जुनधारालगायत सडकमार्गमा समेत टिभिआरएस सेवा क्रमशः विस्तार गर्ने योजना रहेको जानकारी उनले दिए ।

ट्राफिक नियम उल्लंघन गर्ने सवारीसाधनको स्वचालित रूपमा पहिचान भई ट्राफिक व्यवस्थापनमा सहयोग पुग्ने भएकाले सवारीसाधनको चाप हुने प्रमुख सडकमार्गमा यो प्रणाली लागू गर्न लागेको ट्राफिक प्रहरी कार्यालय झापाले स्पष्ट गरेको छ ।

टिभिआरएस प्रणालीले सवारी साधनहरूको गति, लेन परिवर्तन, ट्राफिक संकेत उल्लंघनजस्ता गतिविधिलाई निगरानी गरी अभिलेखीकरण गर्ने भएकाले ट्राफिक नियम पालनामा सुधार ल्याउने र दुर्घटना दर घटाउने अपेक्षा गरिएको छ। यसैगरी दण्ड जरीवानाबापत तिर्नुपर्ने तोकिएको रकम सोझै राजस्वमा दाखिला हुने भएकाले पारदर्शी र जवाफदेही बनाउन पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ । *रासस*

# भूकम्पपछिको पुनर्निर्माणले तीव्रता पाउँछ : गृहमन्त्री लेखक

काठमाडौं । गृहमन्त्री रमेश लेखकले भूकम्पपछिको क्षति मूल्यांकन, पुनर्निर्माण र पुनःस्थापनालाई सरकारले तीव्रता दिएको बताएका छन् । सिंहदरबारमा बिहीवार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको २९औं बैठकमा उनले जाजरकोट, डोटी र बझाङमा भूकम्पपछिको पुनर्निर्माण तथा पुनःस्थापनाका लागि सरकार सक्रिय रहेको जानकारी दिए । यसै क्रममा ती जिल्लामा पुनर्निर्माण तथा पुनःस्थापना आयोजना कार्यान्वयन इकाइको कार्यालय स्थापना गर्ने तयारी भइरहेको उनले उल्लेख गरे ।



गृहमन्त्री लेखकका अनुसार पछिल्ला ६ महीनामा विस्तृत क्षति मूल्यांकन सम्पन्न भएको छ भने निजी आवास पुनर्निर्माणका लागि आवश्यक मापदण्ड, नियमावली तथा बजेट व्यवस्थापनको काम अघि बढाइएको छ । 'भूकम्पबाट क्षति भएका निजी घरहरूको पुनर्निर्माण र पुनःस्थापनाको प्रक्रिया तीव्र रूपमा अघि बढाएका छौं,' उनले भने। गतवर्ष जाजरकोट र बझाङ केन्द्रविन्दु भएर गएको भूकम्पपछिको पुनर्निर्माण प्रभावकारी बनाउन सरकारको कार्ययोजना ल्याइएको गृह मन्त्रालयले जनाएको छ । साथै, गृहमन्त्री लेखक आगामी साता बझाङ, अछाम र जाजरकोट पुगेर पुनर्निर्माण तथा पुनःस्थापना आयोजना कार्यान्वयन इकाइको कार्यालय उद्घाटन गर्ने तथा त्यहाँको वस्तुस्थिति अवलोकन गर्ने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ । *रासस*

# 'काठमाडौं शैक्षिक मेला' गर्दै काठमाडौं महानगरपालिका

काठमाडौं । काठमाडौं महानगरपालिकाले यही फागुन १६ र १७ गते प्रदर्शनी मार्गस्थित राष्ट्रियसभागृहमा 'काठमाडौं शैक्षिक मेला' आयोजना गर्ने भएको छ । महानगरपालिकाद्वारा थालिएका कार्यक्रमबाट विद्यार्थीमा परेको प्रभाव, यसबाट उनीहरूले सिकेका ज्ञान र शीपहरूको प्रस्तुति तथा प्रदर्शनीका लागि मेला आयोजना गर्न लागिएको हो । बिहीवार काठमाडौंमा आयोजित पत्रकार सम्मलेनमा कामपाका प्रवक्ता नवीन मानन्धरले विद्यालय शिक्षाको नवप्रवर्तन तथा स्तरोन्नतिका लागि मेला आयोजना गर्न लागिएको जानकारी दिए । विद्यालय शिक्षालाई वैज्ञानिक र व्यावहारिक तथा विद्यार्थीको रुचिका साथै अभिभावकको चाहनाअनुरूप सञ्चालन गर्न सामुदायिक विद्यालयबाट विभिन्न कार्यक्रममार्फत प्रयास थालिएको उनले बताए । मेलामा महानगरभित्र सञ्चालित विद्यालयमा शैक्षिक गुणस्तर सुधारसँगै बालबालिकाको शैक्षिक, शारीरिक, मानसिक, चारित्रिक विकास, विद्यालयको पूर्वाधार, शिक्षकको क्षमता विकासलगायत कार्यक्रम समावेश गरिनेछ । साथै मेलामा महानगरको सहरी योजना आयोग, शिक्षा विभाग, स्रोत शिक्षक, प्रधानाध्यापक र शिक्षकहरूले सहजीकरण गर्नेछन् । विभिन्न ३५ ओटा शैक्षिक उपसमूहका स्टल रहने मेलामा शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि तथा स्वदेशी एवं विदेशी पाहुनाको सहभागिता रहने आयोजकले जनाएको छ ।




**महानगरपालिकाद्वारा थालिएका कार्यक्रमबाट विद्यार्थीमा परेको प्रभाव, यसबाट उनीहरूले सिकेका ज्ञान र शीपहरूको प्रस्तुति तथा प्रदर्शनीका लागि मेला आयोजना गर्न लागिएको हो ।**

प्रदर्शनी तथा प्रस्तुतिमा विद्यार्थीहरूले नवीनतम सिकाइ गतिविधि प्रदर्शन गर्ने जनाइएको छ । नेपाल भाषा, मौलिक संस्कृति, भेषभूषा झल्काउने प्रदर्शनी, मौलिक बादन तथा गायनलगायत प्रस्तुति समावेश गरिनेछ । विद्यार्थी नमूना संसद् अभ्यास, विद्यालय शिक्षा सुधारसम्बन्धी छलफल, 'बुक फ्री फ्राइडे'को बाबा उपसमूहअन्तर्गत मरुहिटी पानीको गुण जाँच तथा प्रविधिमार्फत सिकाइको प्रदर्शनी, विद्यार्थीका अनुभूति कोरिएका एक हजार बढी 'स्केचिङ'को नमूना प्रदर्शनी, नतिजा सुधारका असल अभ्यासको आदानप्रदान तथा महानगरका शैक्षिक गतिविधिको जानकारीका लागि सूचना केन्द्रको व्यवस्था गरिने प्रवक्ता मानन्धरले जानकारी दिए । उनका अनुसार मेलामा शैक्षिक क्रियाकलापका नविनतम आयामका विषयमा पृष्ठपोषण लिन गोलमेच छलफल गरिनेछ ।

महानगरभित्र ८७ सामुदायिक विद्यालयमा ६१ हजार तीन सय २९ विद्यार्थी र पाँच सय २४ संस्थागत विद्यालयमा दुई लाख १० हजार नौ सय ३४ विद्यार्थी अध्ययनरत छन् । महानगरका शहरी योजना आयोगका सदस्य शैलेन्द्र झाले विद्यालय शिक्षाको विकास, स्तरोन्नति र गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले महानगरले अहिले अनुसन्धानमा आधारित लगानी बढाएको बताए । उनका अनुसार यसबाट प्रारम्भिक बाल विकास सुधार, पूर्वाधार विस्तार, शिक्षक क्षमता अभिवृद्धि, शैक्षिक सामग्रीको उपलब्धता र उपयोगिता अभिवृद्धि, शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग, बुक फ्री फ्राइडे (एकीकृत सिकाइ, सृजनात्मक सिकाइ र शिक्षामा शीप), टिचर कलेज प्रोग्राम, नतिजा सुधार कार्यक्रम सञ्चालन भइरहेका छन् ।

विद्यालयको पूर्वाधार र शैक्षिक वातावरणका लागि बहुवर्षे कार्यक्रमअन्तर्गत महानगर गौरव योजनामा 'गरी खाने शिक्षा, महानगरपालिकाको इच्छा' कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । यस्तै, नियमित र प्राथमिकतामा राखिएको महानगर स्वर्णिम योजनाअन्तर्गत 'सुन्दर विद्यालय परियोजना' र 'रचनात्मक विद्यालय' कार्यान्वयनमा ल्याइएका छन् । यसरी सञ्चालन गरिएका कार्यक्रमबाट सैद्धान्तिक शैक्षिक कार्यक्रमलाई प्रयोगात्मक र व्यवहारिक बनाएर समय सापेक्ष र उत्तरदायी नागरिक उत्पादनमा योगदान गर्ने महानगरपालिकाको लक्ष्य छ । महानगरपालिकाले सञ्चालन गरेका यी कार्यक्रमलाई लक्षित समुदाय, वर्ग र व्यक्तिसम्म पुऱ्याउन सञ्चारमाध्यमलाई आग्रह गरेको छ । *रासस*





*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**काठमाडौंमा विश्व प्रोटिन दिवस २०२५ को अवसरमा 'मानव स्वास्थ्यमा प्रोटिनको भूमिका' विषयक कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेललगायत ।**

# नेशनल लाईफको वार्षिकोत्सवमा विविध कार्यक्रम

काठमाडौं (अस) । नेशनल लाईफ इन्स्योरेन्स कम्पनीको ३८औं वार्षिकोत्सव कार्यक्रम सप्ताहव्यापी रूपमा मनाइएको छ। वार्षिकोत्सवको अवसरमा कम्पनीमा आबद्ध बीमित, अभिकर्ता एवं कर्मचारी र शुभेच्छुकप्रति प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले आभार व्यक्त गरे ।

सो अवसरमा कम्पनीले सामाजिक उत्तरदायित्वअन्तर्गत मातृ नेपाल बालगुह तारकेश्वरलाई आर्थिक सहयोगसहित त्यहाँ रहेका बालबालिकालाई खाना खुवाउनुका साथै रक्तदान कार्यक्रमसमेत सम्पन्न गरिएको थियो । कम्पनीका प्रदेश तथा शाखा कार्यालयले पनि विभिन्न वृद्धाश्रम, बाल कल्याण संस्था एवं मानव सेवा आश्रम जस्ता संस्थामा यस प्रकारका कार्यक्रम गरिएको उनले बताए। सो अवसरमा कर्मचारीलाई आन्तरिक क्रियाकलापमा सहभागी गराई शारीरिक तथा मानिसिक रूपमा सबल र सक्षम बनाउने उद्देश्यले अन्तर कर्मचारी खेलकुद प्रतियोगिताअन्तर्गत पुरुषतर्फ क्रिकेट, पुरुष तथा महिलातर्फ फुटसल, ब्याडमिण्टन र बुद्धिचाल खेल प्रतियोगिता आयोजना गरिएको थियो । वार्षिकोत्सवको समापन कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले नृत्य प्रदर्शन गर्ने कर्मचारीलाई मायाको चिनो तथा खेलकुद प्रतियोगिताका विजेतालाई पदक तथा प्रमाणपत्र र रक्तदान गर्ने कर्मचारीलाई प्रमाणपत्र प्रदान गरेका थिए ।



# व्यतीत बीमालेखको भुक्तानीमा नेपाल लाइफको छूट योजना

काठमाडौं (अस) । जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले व्यतीत बीमालेखको भुक्तानीमा छूटसम्बन्धी योजना ल्याएको बताइएको छ । कम्पनीले यससम्बन्धी 'छुट्ला है, छूट' योजना सार्वजनिक गरेको हो । यस योजनाअन्तर्गत बीमितले भुक्तानी गर्नुपर्ने नवीकरण बीमालेख बीमाशुल्क भुक्तानी नगरी १८० दिनभन्दा माथि व्यतीत भएका बीमालेखको नवीकरण बीमाशुल्क भुक्तानी २०८२ जेठ १३ गतेभित्र गर्दा बीमालेख नवीकरण गर्दा लाग्ने विलम्ब शुल्कमा ५० प्रतिशत छूट प्रदान गरिने कम्पनीले जानकारी दिएको छ । कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले कम्पनी २५ वर्ष प्रवेशको अवसरमा यो आकर्षक योजना सार्वजनिक गरिएको बताए । उनले बीमितको हितलाई ध्यानमा राखी यो विशेष योजना एक पटकका लागि ल्याइएकाले व्यतीत भएका बीमालेख समयमै नवीकरण बीमाशुल्क भुक्तानी गरी छूटको लाभ उठाउन आग्रह गरे ।

# द ब्रिटिश कलेज र टीआरटीआईबीच सहकार्य

काठमाडौं (अस) । टुरिजम रिसर्च एण्ड ट्रेनिङ इन्स्टिच्युट ( टीआरटीआई) र द ब्रिटिश कलेज काठमाडौंबीच पर्यटन शिक्षामा सहकार्य गर्ने समझदारी भएको छ । नेपालको पर्यटकीय सम्भावनालाई ध्यानमा राखी युवालाई यस क्षेत्रमा आकर्षित गर्न पर्यटनसम्बद्ध अध्ययन अनुसन्धान, तालीम, कार्यशाला, गोष्ठी, सस्टेनेबल टुरिजम क्लब गठन लगायतका क्रियाकलाप सञ्चालन गर्ने उद्देश्यका लागि दुवै अग्रणी संस्थाबीच सहकार्य भएको बताइएको छ । टीआरटीआईका अध्यक्ष तथा जीटीटीपी नेपालका देशीय निर्देशक मदनकुमार बरालले यो साझेदारीले पर्यटन शिक्षामा मात्रै नभई नेपालको समृद्ध संस्कृति, सम्पदा र प्राकृतिक सौन्दर्यको संरक्षण, प्रवर्द्धनमा पनि योगदान पुऱ्याउने बताए ।




टीबीसीका सह-संस्थापक एवं कार्यकारी निर्देशक महेन्द्र कँडेलले यो साझेदारीले युवा विद्यार्थीमा पर्यटन सचेतना जागृत गराउँदै शिक्षा र उद्योगबीचको खाडललाई समेत समायोजन गर्दै लैजाने बताए । हस्ताक्षर समारोहमा टीबीसीका इन्क्वीबेशन हेड गणेश पौड्याल र टीआरटीआईका कार्यक्रम निर्देशक सरोजप्रसाद प्याकुरेलको उपस्थिति थियो ।

## विजय लघुवित्तको सहयोगमा स्वास्थ्य शिविर



काठमाडौं (अस) । विजय लघुवित्त वित्तीय संस्थाको सहयोगमा सिरहाको धनगढीमा स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। विभिन्न प्रकारका क्यान्सर रोगको प्रारम्भिक पहिचान गर्ने तथा रोकथाम गर्न नागरिक सचेत गराउने उद्देश्यका साथ तीनदिने स्वास्थ्य शिविर आयोजना गरिएको हो। महिलाको पाठेघरको क्यान्सरको प्रारम्भिक परीक्षण गर्ने उद्देश्यले आयोजना गरिएको शिविरमा नाक, कान, घाटीसहित स्त्री रोगसम्बन्धी सेवा समेत उपलब्ध गराएको बताइएको छ ।

शनिवारसम्म चल्ने स्वास्थ्य शिविरको पहिलो दिन बिहीवार करीब २ सय स्थानीय महिलाले स्वास्थ्य जाँच गराएको बताइएको छ । स्वास्थ्य शिविरको उद्घाटन कार्यक्रममा धनगढीमाई नगरपालिकाका मेयर शिवशंकर महतोले आफ्नो क्षेत्रमा स्वास्थ्य शिविर सञ्चालन गरेर महत्त्वपूर्ण सहयोग गरेकोमा भन्दै विजय लघुवित्तलाई धन्यवाद दिए । वित्तीय संस्थाहरूले यस्ता कार्यक्रम आयोजना गर्नु आफैमा सुखद पक्ष रहेको भन्दै यसबाट धेरै महिलाले लाभ लिने विश्वास व्यक्त गरे। संस्थाका प्रमुख कार्यकारी अधिकृत बसन्तराज लम्सालले संस्थाले वित्तीय सेवामात्रै नभई समय समयमा सामाजिक कार्य समेत गर्दै आएको बताए। कार्यक्रममा विशेषज्ञ चिकित्सक डा. विवेक कँडेल र अयोध्या पाठकले शिविरमा उपलब्ध हुने प्राविधिक पक्षबारे जानकारी गराएका थिए ।

## शाओमी 'सुशान्त केसी लाइभ इन नेपाल कन्सर्ट'को टाइटल स्पोन्सर



काठमाडौं (अस) । ग्लोबल टेक्नोलोजी लिडर शाओमीले म्युजिकल इभेन्ट 'सुशान्त केसी लाइभ इन नेपाल कन्सर्ट'को टाइटल स्पोन्सर बन्ने घोषणा गरेको छ। चैत २५ गते शनिबार भक्तपुरको सल्लाघारी ग्राउण्डमा आयोजना हुने कन्सर्टमा शाओमीको सहभागिताले संगीत प्रेमीमा थप उत्साहित बनाएको बताइएको छ ।

शाओमी नेपालले हालै गायक सुशान्त केसी र अभिनेत्री आना शर्मालाई आफ्नो आधिकारिक ब्राण्ड एम्बासडरको रूपमा प्रस्तुत गरेको थियो । शाओमीको इनोभेसन, सृजनशीलता र समुदायसँग नजिक हुने चाहनालाई प्राथमिकता दिँदै कम्पनीले यो संगीत उत्सवलाई समर्थन गरेको बताएको छ। संगीत र प्रविधिलाई जोड्ने साझा विचारसहित बनेको शाओमी र गायक केसीको यो सहकार्य नेपाली दर्शकसँग नजिकिन महत्त्वपूर्ण कदम सावित हुने विश्वास गरिएको छ । यस कन्सर्टले दर्शकलाई अविस्मरणीय अनुभव दिनेछ र जहाँ प्रत्यक्ष प्रस्तुति र शाओमीका नयाँ प्रविधिहरू एकैसाथ झल्किने कम्पनीको भनाइ छ ।

# प्रभु केबलकारको हकप्रद शेयरको बोलपत्रमा अन्तिम मूल्य कायम

काठमाडौं (अस)। प्रभु ग्रुप्सको लगानी रहेको प्रभु केबलकार एण्ड टुरिजम लिमिटेडले हकप्रद शेयर बोलपत्रमा अन्तिम मूल्य (कट अफ प्राइस) कायम गरेको छ। कम्पनीले जारी गरेको हकप्रद शेयर विक्रीपछि बाँकी रहेको शेयर प्रतिकित्ता रू. १०० भन्दामाथि लिलाम बढाबढमा २१ लाख १५ हजार १० कित्ता शेयरको लागि शिलबन्दी बोलपत्र प्रकृयाद्वारा विक्रीका लागि माघ २७ देखि फागुन ११ गतेभित्र आवेदन माग गरेको थियो ।

सो अवधिभित्र प्राप्त भएका बोलपत्र खोल्दा अन्तिम मूल्य (कटअफ प्राइस) रू. १२५ कायम भएको बताइएको छ। बोलपत्रमा अधिकतम रू. १५१ दशमलव ५० देखि कट अफ प्राइस प्रतिशेयर रू. १२५ मा आवेदन गर्नेले शेयर प्राप्त गर्नेछन् । उक्त मूल्यमा बोलपत्र पेश गर्नेको हकमा सापेक्षिक भार अनुसार समानुपातिक रूपमा बाँडफाँट गरिएको कम्पनीले जानकारी दिएको छ ।

सो लिलामीको शेयरमा रू. १२५ देखि अधिक मूल्य राखी आवेदन दिने शेयरधनीले मात्र लिलामीको सो संस्थापक शेयर प्राप्त गरेको बताइएको छ। लिलामीमा सहभागी आवेदकको बाँडफाँटमा नपरेको शेयर बापतको रकम फागुन २७ गते मंगलवारदेखि आवेदकले आफ्नो आवेदन फारममा उल्लेख गरेको बैंक वित्तीय संस्थाको खातामा आईपीएसमार्फत रकमान्तर गरिने कम्पनीले जानकारी दिएको छ। सो हकप्रदबाट उठेको रकमले सुदूरपश्चिममा रहेको बडीमालिका मन्दिरमा जाने र चितवनको ईच्छाकामना मन्दिरमा जाने केबलकार परियोजनाको प्रारम्भिक कार्य अघि बढाउने तयारी गरेको कम्पनीले जानकारी दिएको छ ।

# बोटिममार्फत आइएमई पेमा पैसा पठाउँदा बोनस

काठमाडौं (अस)। डिजिटल वालेट आइएमई पेले युएईबाट 'बोटिम एप'मार्फत पठाएको पैसा आइएमई पेमा प्राप्त गर्दा रू. ५०० सम्म बोनस प्राप्त गर्न सकिने अफर ल्याएको छ । बोटिममार्फत युएईमा बस्ने नेपालीले नेपालमा आइएमई पे एपमा रकम पठाउन मिल्ने साझेदारीअन्तर्गत ल्याइएको यो अफरले युएईमा रहेका नेपालीमा थप उत्साह थप्ने विश्वास कम्पनीको छ। फागुन १५ देखि शुरू भएको यो योजना चैत १५ सम्म लागू हुने बताइएको छ। यस अफरअन्तर्गत १० जना विजेताले बोनस रकम प्राप्त गर्नेछन् ।

**गोर्खा लाहारी प्रा.लि. को**

Gorkha Lahari Pvt. Ltd.

**सूचना**

मिति २०८१/११/१५ मा गोर्खा लाहारी प्रा. लि. को उत्पादन नेपालगोल्ड फ्लेक प्रिमियम फिल्टरको मूल्य सूचि प्रकाशित भएकोमा भूलबस चुरोटको नाम "नेपालगोल्ड फ्लेक प्रिमियम फिल्टर-गोल्ड" भएकोले, त्यो चुरोटको वास्तविक नाम "**नेपालगोल्ड फ्लेक प्रिमियम फिल्टर**" रहेको व्यहोरा सबैमा अवगत गराईन्छ ।

*कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित भई बीमा ऐन, २०७९ बमोजिम सञ्चालित*

# गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड

# GUARDIAN MICRO LIFE INSURANCE LIMITED

GUARDIAN MICRO LIFE INSURANCE

**रजिष्टर्ड ठेगानाः- विराटनगर महानगरपालिका, मुनालपथ, मोरङ्ग, नेपाल**

**फोन नं.: ९७७-०२१-५९०९०२, वेबसाइट:** www.gmli.com.np | **इमेल:** info@gmli.com.np

## दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना (प्रथम पटक प्रकाशित मितिः २०८१/११/१६)

**आदरणिय शेयरधनी महानुभावहरु,**

यस गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको मिति २०८१/११/१५ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको आ.व.२०८०/०८१ को दोस्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नु पर्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुलाई व्यक्तिगत रुपमा पठाइएको पत्र प्राप्त नभएपनि यसै सूचनालाई आधार मानी शेयरधनीको हैसियतले उक्त साधारण सभामा उपस्थितिको लागि अनुरोध गरिन्छ।

**वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय**

मिति : २०८१/१२/११ सोमबार (तद्अनुसार २४, मार्च २०२५)
स्थान : होटेल एअरपोर्ट, बिराटनगर, मोरङ्ग ।
समय : अपरान्ह, ११:०० बजे

**दोस्रो वार्षिक साधारण सभामा पेश गरिने प्रस्तावहरुः**

**क) सामान्य प्रस्तावहरु :**

१. आ.व.२०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित लेखापरीक्षण गरिएको २०८१ आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत सोहि अवधिका वित्तीय विवरणहरु सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ को लागि बाह्रय लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको नियुक्ति (निर्वाचन) गर्ने सम्बन्धमा ।
५. सञ्चालकहरुको बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा अन्य सेवा सुविधाका सम्वन्धमा ।
६. कम्पनीले सामाजिक उत्तर दायित्व अर्न्तगत गरेको खर्च अनुमोदन गर्ने ।

**ख) बिशेष प्रस्तावहरु :**

१) गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड र अन्य कुनै इन्स्योरेन्स कम्पनी एक आपसमा गाभ्न, गाभिन वा प्राप्ति गर्न आवश्यक भएको अवस्थामा गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्वन्धी आवश्यक सम्पुर्ण कार्य गर्न सञ्चालक समितिलाइ अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।
२) नियमनकारी नियकायबाट कम्पनीको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी बृद्धि गर्ने निर्देशन आएमा/कम्पनीले पुँजी बृद्धि गर्न आवश्यक देखिएमा सोही बमोजिम कम्पनीको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी बृद्धि गर्ने सम्वन्धमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।
३) कम्पनीको प्रबन्धपत्र तथा नियमावली संसोधन सम्वन्धमा ।

ग) विविध ।

**आज्ञाले**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्वन्धी अन्य जानकारी**

१) गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको दोस्रो वार्षिक साधारणसभा सम्पन्न गर्न तथा नगद लाभांश/स्टक बोनस प्रयोजनका लागि मिति २०८१/११/२६ (१०, मार्च २०२५) गतेका दिन शेयरधनी दर्ता किताव बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सो मिति भन्दा अघिल्लो दिन अर्थात मिति २०८१/११/२५ (तद् अनुसार ९ मार्च २०२५) गते सम्म कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले मात्र यो सभामा भाग लिन पाउने छन् ।
२) वार्षिक साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हुने दिन डिम्याट खाता नम्वर र आफ्नो सक्कल परिचयपत्र प्रस्तुत गर्नु पर्नेछ । शान्ति-सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा यथाशक्य झोला, व्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ। आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध छ।
३) शेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन, २०६३ अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक वित्तीय विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्वन्धी अन्य जानकारीहरु यस कम्पनीको वेभ साइट www.gmli.gov.np बाट प्राप्त गर्न सकिनेछ।
४) शेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्वन्धमा सञ्चालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिइनेछ।
५) शेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुले छलफललाई व्यवस्थित गर्ने प्रयोजनका लागि सभा हुनु भन्दा कम्तिमा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु हुन अनुरोध छ।
६) सभा शुरु हुने भनी तोकिएको दिन भन्दा कम्तीमा ४ (चार) दिन अर्थात ९६ घण्टा अगावै कम्पनीको कम्पनी सचिवालयमा कार्यालय समयभित्र प्रतिनिधिपत्र (प्रोक्सी) फारम दर्ता गरी सक्नु पर्नेछ। एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरेको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस भनी छुट्टै पत्र समेत लेखी पठाइएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ दर्ता भएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ। तर एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाइएको पाईएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भए तापनि सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ। एक भन्दा वढी व्यक्तिलाई आफनो शेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधि पत्र (प्रोक्सी) दिन पाईने छैन।
७) नाबालक वा फरक रुपमा सक्षम शेयरधनीहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भई रहेको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउँनेछन्।
८) प्रतिनिधि (प्रोक्सी) मुकरर गरी सक्नुभएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरिसकेको भएतापनि प्रोक्सी स्वतः बदर हुनेछ।
९) कुनै बैंक, वित्त कम्पनी, गुठी, संघ संस्था वा कम्पनीले यस कम्पनीको शेयर खरिद गरेको अवस्थामा कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको अधीनमा रही त्यस्तो संगठित संस्थाको आधिकारिक पदाधिकारीले खटाएको वा मनोनीत गरेको प्रतिनिधिले सभामा भाग लिन पाउनेछ।
१०)शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन विहान १०:०० बजे देखि खुला रहने छ। शेयरधनी नम्बरको आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुँदा शेयरधनी महानुभावहरुले आफनो शेयरधनी नम्वर वा BOID नम्बर अनिवार्य रुपमा प्रस्तुत गरी दिनु हुन समेत अनुरोध छ।
११)यस सम्वन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको मुख्य कार्यालय मुनालपथ, बिराटनगर र बाग्मती प्रदेश कार्यालय सानोगौचरण, काठमाडौं स्थित कम्पनी सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।
१२)सर्वसाधाण शेयरधनीको प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन सम्वन्धी कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयले छुट्टै कम्पनीको वेभ साइटमा प्रकाशित गर्नेछ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**Statement of Financial Position**
**As at 15th July, 2024 (Ashad End 2081)**

| Particulars | Fig in NPR | |
|---|---|---|
| | Current Year | Previous Year |
| **Assets** | | |
| Goodwill & Intangible Assets | 1,434,189.81 | 1,041,863.09 |
| Property and Equipment | 19,591,223.32 | 19,571,903.86 |
| Investment Properties | - | - |
| Deferred Tax Assets | 3,239,340.16 | - |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investments | 520,700,000.00 | 505,000,000.00 |
| Loans | - | - |
| Reinsurance Assets | - | - |
| Current Tax Assets | 2,896,324.01 | 335,471.97 |
| Insurance Receivables | - | - |
| Other Assets | 857,611.21 | 617,076.31 |
| Other Financial Assets | 1,969,749.98 | 115,056.12 |
| Cash and Cash Equivalent | 14,120,093.01 | 10,871,712.90 |
| **Total Assets** | **564,808,531.50** | **537,553,084.25** |
| **Equity & Liabilities** | | |
| Equity | | |
| Share Capital | 525,000,000.00 | 525,000,000.00 |
| Share Application Money Pending Allot-ment | - | - |
| Share Premium | - | - |
| Catastrophe Reserves | 192,727.91 | 192,727.91 |
| Retained Earnings | 573,919.82 | 1,583,552.55 |
| Other Equity | 3,248,610.95 | 19,272.79 |
| **Total Equity** | **529,015,258.68** | **526,795,553.25** |
| **Liabilities** | | |
| Provisions | 853,071.00 | 534,100.00 |
| Gross Insurance Contract Liabilities | 23,405,986.00 | 140,567.56 |
| Deferred Tax Liabilities | - | 131,725.81 |
| Insurance Payable | 1,080,648.01 | 46,511.66 |
| Current Tax Liabilities | - | - |
| Borrowings | - | - |
| Other Liabilities | 5,268,820.97 | 5,908,022.56 |
| Other Financial Liabilities | 5,184,746.84 | 3,996,603.41 |
| **Total Liabilities** | **35,793,272.82** | **10,757,531.00** |
| **Total Equity and Liabilities** | **564,808,531.50** | **537,553,084.25** |

**Statement of Profit or Loss**
**For The Period 17th July, 2023 to 15th July, 2024 (For the Year Ended Ashad, 2081)**

| Particulars | Fig in NPR | |
|---|---|---|
| | Current Year | Previous Year |
| **Income:** | | |
| Gross Earned Premiums | 42,222,900.24 | 141,268.00 |
| Premiums Ceded | 5,230,496.90 | 46,745.37 |
| **Net Earned Premiums** | **36,992,403.34** | **94,522.63** |
| Commission Income | 777,592.97 | - |
| Other Direct Income | - | - |
| Interest Income on Loan to Policyholders | - | - |
| Income from Investments and Loans | 48,884,255.88 | 16,352,244.13 |
| Net Gain/(Loss) on Fair Value Changes | - | - |
| Net Realised Gains/(Losses) | - | - |
| Other Income | - | - |
| **Total Income** | **86,654,252.19** | **16,446,766.76** |
| **Expenses:** | | |
| Gross Benefits and Claims Paid | 2,682,480.00 | - |
| Claims Ceded | 1,314,398.00 | - |
| Gross Change in Contract Liabilities | 23,265,418.44 | 140,567.56 |
| Change in Contract Liabities Ceded to Reinsurers | - | - |
| **Net Benefits and Claims Paid** | **24,633,500.44** | **140,567.56** |
| Commission Expenses | 4,319,153.91 | - |
| Service Fees | 184,960.14 | 472.63 |
| Other Direct expenses | 15,997.54 | - |
| Employee Benefits Expenses | 37,949,031.56 | 7,765,250.54 |
| Depreciation and Amortization Expenses | 5,566,557.95 | 2,216,729.53 |
| Impairment Losses | - | - |
| Other Operating Expenses | 14,657,327.41 | 3,769,999.12 |
| Finance Cost | 469,081.78 | 144,328.08 |
| **Total Expenses** | **87,795,610.73** | **14,037,347.46** |
| **Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax** | **(1,141,358.54)** | **2,409,419.30** |
| Share of Net Profit of Associates accounted using Equity Method | - | - |
| **Profit Before Tax** | **(1,141,358.54)** | **2,409,419.30** |
| Income Tax Expense | (3,371,065.97) | 613,866.05 |
| **Net Profit/(Loss) For The Year** | **2,229,707.43** | **1,795,553.25** |
| **Earning Per Share** | | |
| Basic EPS | 0.42 | 0.34 |
| Diluted EPS | 0.42 | 1.19 |

**Statement of Other Comprehensive Income**
**For The Period 17th July, 2023 to 15th July, 2024 (For the Year Ended Ashad, 2081)**

| Particulars | Fig in NPR | |
|---|---|---|
| | Current Year | Previous Year |
| Net Profit/(Loss) For The Year | 2,229,707.43 | 1,795,553.25 |
| Other Comprehensive Income | - | - |
| **Total Comprehensive Income for the Year** | **2,229,707.43** | **1,795,553.25** |

**Notes:** Condensed Financial Report is also published in Company's website ***www.gmli.com.np***

बजारको स्वचालित गतिलाई नियन्त्रण गर्नु भनेको स्वतन्त्रताको ह्रास हो ।
**- फ्रेडरिक हायेक**

सम्पादकीय

# कुलमानको अडान

ऊर्जामन्त्री दीपक खड्काले लिएको चौथोपटकको स्पष्टीकरणमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आफूलाई सेवाबाट हटाउने विषयमा स्पष्टीकरण सोध्ने वा कारबाही गर्ने अधिकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई नभएको जवाफ दिएका छन् । मन्त्रालयले सोधेको २४ घण्टे स्पष्टीकरणको जवाफमा उनले आफूलाई मन्त्रिपरिषद्ले ४ वर्षका लागि नियुक्त गरेकाले हटाउने विषयमा स्पष्टीकरण सोध्ने वा कारबाही गर्ने अधिकार पनि मन्त्रिपरिषद्लाई मात्रै भएको दाबी गरेका हुन् । यो भनेको एक प्रकारले सरकारलाई चुनौती नै हो । उनी ठीक बेठीक के छन् भन्ने कुरा सरकार र अदालतले निरूपण गर्ने हो तर यसले सरकारी कर्मचारीले पनि यस्तै अडान लिन सक्ने देखाएको छ । सरकारले विधि र प्रक्रिया मिचेर काम गर्दा त्यसविरुद्ध अड्न सके कर्मचारीतन्त्रले धेरै विकृति रोक्न सक्छ ।

घिसिङले लोडशेडिङ हटाएको भन्ने विश्वासका साथ जनतामाझ उनको छवि राम्रो बनेको छ । लोडशेडिङको अत्यासलाग्दो अवस्थाबाट अहिले विद्युत् निर्यात गर्न सक्ने अवस्थामा पुऱ्याएको र अर्बौं घाटामा रहेको प्राधिकरणलाई नाफामा लैजान सकेको भन्ने जनताको विश्वास छ । यद्यपि केही खरीदविक्रीमा उनले आफन्तलाई फाइदा पुऱ्याएको आरोप नलागेको पनि होइन । त्यस्तै आफ्नो कार्यकालमा प्रसारण लाइन आदि सुधार्न उनले उल्लेख्य काम गरेका छैनन् । जनतामाझ बनेको छविको आडबलमा उनले सरकारसँग पैंठाजोरी खेलेको देखिन्छ । सरकार पनि उनको छविसँग डराएको देखिन्छ । दुइटाको विवाद जेजस्तो भए पनि विधि र प्रक्रियाका बारेमा उनले उठाएको कुरा भने सही छ ।

मन्त्री र घिसिङबीचको लडाइँले ऊर्जाक्षेत्रको थप विकासमा समस्या आइरहेको छ । दुवैले मिलेर काम गर्नुपर्ने हो तर त्यसो हुन सकेको छैन । सरकारले एउटै व्यक्तिलाई बारम्बार स्पष्टीकरण सोध्नु तर कारबाही गर्न नसक्नु उसको लाचारी हो । ऊर्जा मन्त्रालयले घिसिङलाई पछिल्लोपटक सोधेको स्पष्टीकरण चौथो

**मौखिक निर्देशन मान्दा कर्मचारी आफैले दुःख पाएका छन् । त्यसैले कर्मचारीले कानूनी आधार खोजेर विधि र प्रक्रिया नमिची काम गर्ने संस्कार बसाल्न आवश्यक छ ।**

हो । तीनओटा स्पष्टीकरण सोधिसकेपछि र ती स्पष्टीकरण चित्त नबुझेपछि सरकारले खासमा गर्ने भनेको कारबाही नै हो । तर, सरकार कारबाही गर्न हच्किरहेको छ । कर्मचारीतन्त्र भनेको स्थायी सरकार हो । त्यसैले स्थायी सरकार बलियो हुनुपर्छ र नियमसंगत काम गर्नुपर्छ । तर, नेपालको कर्मचारीतन्त्र यस्तो छैन । सरकारसँग डराउने र सरकारलाई सजिलो बनाइदिने तथा गर्न नहुने काम पनि मौखिक आदेशको भरमा गर्ने गरेको समेत पाइन्छ । त्यही भएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको मुद्दा कर्मचारीमाथि लगाएको पाइन्छ । मन्त्रीहरू नीतिगत निर्णय भनी त्यसबाट उम्कने गरेका छन् । मौखिक निर्देशन मान्दा कर्मचारी आफैले दुःख पाएका छन् । त्यसैले कर्मचारीले कानूनी आधार खोजेर विधि र प्रक्रिया नमिची काम गर्ने संस्कार बसाल्न आवश्यक छ ।

त्यसो त सरकारले कुलमानलाई हटाउन नसक्ने होइन । मन्त्रिपरिषद्को निर्णयबाट नियुक्त भएकाले मन्त्रिपरिषद्ले नै उनलाई हटाउन सक्छ । यद्यपि त्यसमा मुद्दामामिला हुन सक्छ र अदालतले कानूनअनुसार निर्णय गर्छ । तर, घिसिङले मन्त्रीलाई अधिकार छैन भनेर भनेका छन् । मन्त्रिपरिषद्ले नै निर्णय गर्ने हो तर त्यसमा प्रस्ताव लैजाने त मन्त्रीले नै हो । यो प्रक्रिया पूरा नगरी स्पष्टीकरण सोधेकाले मन्त्रालयलाई यस्तो अधिकार नभएको घिसिङले बताएका हुन् । त्यसो त समाचारमा आएअनुसार मन्त्रीले प्रस्ताव लगेका पनि हुन् तर मन्त्रिपरिषद्ले निर्णय गर्न सकेन । जनता चिढिन्छन् भनेर सरकार कुलमानविरुद्ध निर्णय गर्न डराएको देखिन्छ । सरकारी कर्मचारीले यस्तै अडान लिन सक्नुपर्छ । यदाकदा यस्तो अडान लिएको पनि देखिन्छ । तत्कालीन प्रधानमन्त्री दाहालले त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई दुईओटा मोबाइल ल्याउँदा भन्सार नलिन निर्देशन दिए पनि लिखित निर्णय नआएको भनी कर्मचारीले अटेरी गरेको एउटा उदाहरण यहाँ स्मरणीय छ । यसरी कानूनी आधार खोजेर काम गर्नु आवश्यक छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## माइतीघर–तीनकुने सडक पुनर्निर्माण एकवर्षभित्र

माइतीघर-तीनकुने सडकखण्ड पूर्ण रूपमा निर्माण सम्पन्न हुन अझै १ वर्ष लाग्ने भएको छ । हाल सडकको दायाँबायाँ रहने भौतिक संरचना निर्माण भइरहेको यस सडकखण्डमा हाल चालू सडकबाहेक अन्य संरचना पूर्ण रूपमा पुनर्निर्माण गर्नुपर्ने भएकाले त्यति समय लाग्ने सडक विभागका उपमहानिर्देशक तथा प्रवक्ता माधवकुमार कार्कीले जानकारी दिए । उनका अनुसार यस सडकखण्डमा हाल अतिरिक्त भौतिक रचनाको काम भइरहेको छ । चिसो मौसमका कारण गत २ महीनादेखि सडक निर्माणको काम रोकिए पनि बिजुली, पानीलगायतको व्यवस्था भइरहेको उनले बताए ।

काठमाडौंका अधिकांश स्थानमा ढल निकासको व्यवस्था नहुँदा त्यसले सडकको पुनर्निर्माणमा प्रत्यक्ष असर पुगिरहेको विभागको भनाइ छ । सडकखण्डमा अन्य निकायले राखेका साना ढल विस्थापित गरी त्यहाँ ढल बिछ्याउने, खानेपानीका पाइप तथा बिजुलीका तार बिछ्याउने काम पनि जारी रहेको कार्कीले बताए । अतिरिक्त भौतिक संरचना निर्माणको काम झण्डै ९० प्रतिशतसम्म सम्पन्न भइसकेको कार्कीले बताए । ढल निर्माणको काम सम्पन्न हुनासाथ सडक निर्माणको काम शुरू हुने विभागले बताएको छ । 'नेपाल सरकारको आफ्नो स्रोतमा निर्माण हुन लागेको यस सडकखण्डलाई नमूना सडकका रूपमा विकास गर्ने योजना छ,' उपमहानिर्देशक कार्कीले बताए ।

**वर्ष ८, अंक १४८, बिहीवार, ३ फागुन, २०६९**

# सरकारी उद्यम किन निरन्तर ओरालो ?

## पीपीपीको अवधारणा अहिलेका लागि सहज निकास हुन सक्छ



**निजीक्षेत्रका चिनी र चुरोट कारखानाले नाफा कमाइरहँदा सरकारी स्वामित्वका यस्तै उद्योग किन घाटामा गएर बन्द भए ? यी कारखाना पुनः चलाउन कुरा आउन छोडेका छैनन् । तर, यसका लगानीदेखि सञ्चालनको मोडालिटी के हुने ?**

**- उमेशचन्द्र ठाकुर**

सरकारले बेलाबेलामा सरकारी स्वामित्वका उद्योग पुनः सञ्चालनमा ल्याउने योजनाहरू सुनाउने गरेको छ । वर्षौंदेखि बन्द अवस्थामा रहेका र सरकारले खारेजसमेत गरेका यस्ता उद्योगलाई समेत सञ्चालनको सूचीमा राख्ने गरेको पाइन्छ । सरकारले यस्ता उद्योग सञ्चालनका लागि भन्दै बेलाबेलामा बजेटसमेत छुट्टयाउने गरेको छ । तर, यस्ता उद्योग सञ्चालनको नाममा थपिएको खर्च राज्य कोषमा भार बन्नुबाहेक अरू कुनै उपलब्धि देख्न पाइएको छैन । स्पष्ट विषय के हो भने सरकारी स्वामित्वका उद्योगको विगत अनुभव र वर्तमान अवस्थालाई सतही रूपमै केलाउँदा पनि सरकार उद्योग व्यापारमा लाग्न नहुने स्पष्ट छ । तर, सरकारले उद्योग चलाउनेदेखि निर्माण कम्पनी खोल्नेसम्मका काममा अग्रसर हुन खोजेकै छ । सरकारले सार्वजनकि हितको उद्देश्य भने पनि यस्ता यस्ता काम सार्वजनिक दायित्वको कारणमात्र बनेका छन् । यो अवस्थामा सरकारले उद्यम चलाउनुको औचित्य रहँदैन ।

सरकारले २०४६ सालको राजनीतिक परिवर्तनपछि आर्थिक उदारीकरणको नीति लियो । उद्योग र व्यापारका क्षेत्रमा निजीक्षेत्रको प्रवेशसँगै बजारमा तीव्र प्रतिस्पर्धाको वातारवरण बन्यो । जब बजारमा प्रतिस्पर्धा भित्रियो, सरकारी स्वामित्वका उद्योगहरूको उँधोगति त्यहीबाट शुरू भयो । सरकारी उद्योगहरू निरन्तर घाटामा जान थाले । सरकारी उद्योगको उच्च व्यवस्थापन तहमा राजनीतिक नियुक्ति र कार्यकर्ता भर्तीको प्रवृत्तिले दायित्व बढ्दै गएर कारखानामा ताला लगाउने अवस्था बन्यो । तीमात्र सरकारी उद्यम नाफामा देखिएका छन्, जसलाई बजारमा एकाधिकार उपलब्ध छ । नेपाल विद्युत् प्राधिकरण र नेपाल आयल निगममा प्रतिस्पर्धा हुने हो भने के होला ? कि त ती प्रतिष्ठानले सेवाको मूल्य र गुणस्तरमा सुधार ल्याउनैपर्छ । होइन भने अरू व्यापारका सरकारी प्रतिष्ठानजस्तै बन्द हुन्छन् ।

सरकारले त्यस्ता उद्योगलाई निजीकरणमा लग्यो । केही उद्योग निजीक्षेत्रले चलाए पनि धेरैजसो बाह्य बजारसँग प्रतिस्पर्धा गर्न नसकेर बन्द भए । प्रतिस्पर्धा यति बढ्यो कि आन्तरिक बजार मागको २/३ गुणासम्म उत्पादन हुन थालेपछि उद्योगहरूले लागतभन्दा कममा मालसामान बेचेका तथ्यहरू बाहिर आउन थालेका छन् । सरकारले बेलाबेलामा सञ्चालनको कुरा गर्दै आएको हेटौंडा कपडा उद्योग किन बन्द भएको थियो ? निजीक्षेत्रका उद्योगले प्रतिस्पर्धी लागतमा उत्पादन गर्न थालेपछि सरकारी उद्योग टिक्न नसकेको हो । यसो त अहिले पनि भारत र चीनबाट आउने कपडाको अगाडि स्वदेशका उद्योगलाई सकस परेकै छ । सरकारी उद्योग टाट पल्टिनुका पछाडि सरकारी व्यवस्थानको अक्षमता नै कारण हो ।

सरकारले उद्योग चलाउने होइन भन्ने अनुभवले देखाइसकेको छ । सरकारले नियमनकारी भूमिकालाई प्रभावकारी बनाएर आफ्नो दायित्व पूरा गर्न सक्छ । निजीक्षेत्रका सीमित स्वार्थी समूहको प्रभावमा नीतिगत चलखेल गर्ने सरकारले उद्योग सञ्चालन गर्ने र नागरिकलाई सहुलियत दरमा बस्तु आपूर्ति गर्ने कुरा अपत्यारिलो लाग्छ । प्रकारान्तरले उद्योग चलाउने सरकारको प्रयास सत्तासीनका कार्यकर्ता व्यवस्थापनको नयाँ उपक्रम बन्नेमा विवाद आवश्यक छैन । विगतमा यस्ता अनेक उदाहरण छन्, कार्यकर्ता भर्ना गरेकै कारण खर्चको भार थेग्न नसकेर कैयौं सरकारी उद्यम बन्द भए ।

सरकारी स्वामित्वका उद्योग सञ्चालनको विगत अभ्यास सुखद छैन । यस्ता प्रतिष्ठान राजनीतिक हस्तक्षेपको शिकार बनेको अनुभव ताजै छ । निजीक्षेत्रबाट सञ्चालित समान प्रकृतिका उद्योग नाफामा चलिराख्दा सरकारी सहुलितय उपभोग गरिरहेका उद्योग धमाधम धरासयी हुन्छन् भने बुझ्नुपर्छ सरकारी संयन्त्र उद्यम चलाउन सक्षम छैन । यी सरकार फेरिएपिच्छे सत्तासीन राजनीतिक दलका कार्यकर्ता पोस्ने माध्यममात्र बनाउने गरिएका कारण घाटाको भारीले थिचिएका हुन् । सञ्चालनमा रहेकाले वर्षेनि घाटाको हिसाब सार्वजनिक गरिरहेका छन् ।

अहिले तीव्र प्रतिस्पर्धाको युग छ । सरकारी व्यवस्थापनबाट प्रतिस्पर्धी उत्पादन असम्भव छैन । निजीक्षेत्रलाई सहभागी गराउने विषयमा सरकार अनुदार देखिन्छ । कुनै पनि उद्यममा व्यावसायिक सम्भाव्यताभन्दा पनि सरकारमा रहनेहरूको राजनीतिक दृष्टिकोण बढी हाबी छ । सरकारले बन्द भएर बसेका उद्यमलाई चलाउने कुरा वास्तवमै चाहेको हो भने निजीक्षेत्रलाई अघि सारेर सहजीकरण गरिदिनुपर्छ । निजीक्षेत्र उद्योग व्यापारको व्यवस्थापनमा दक्ष छ । वर्षौंदेखि अलपत्र परेर बसेका सरकारी उद्यम अघि बढाउन निजीक्षेत्रले रुचि देखाइरहेको छैन । सरकारले लगानीको उपयुक्त मोडालिटी बनाउन नसक्नु यसको कारण हो । यस्तोमा सरकारी हस्तक्षेपको आशंका छ । निजीक्षेत्र सधैं लगानीको सुरक्षा र आयको ग्यारेन्टी चाहन्छ । सरकारले निजीक्षेत्रलाई आश्वस्त पार्न सकेको छैन ।

कतिपय सेतो हात्ती सावित भइसकेका सरकारी उद्योग सञ्चालन हुनै नसक्ने जान्दाजान्दै पनि नेतृत्वले यसलाई राजनीतिक अभीष्टको औजार बनाउन छोडेको छैन । यस्ता उद्यमको सञ्चालनको उपयुक्त मोडालिटी र कार्यान्वयनमा पर्याप्त गृहकार्य नभएको स्पष्टै बुझिन्छ । तर, यी संरचना राजनीतिक नेतृत्वका लागि मौसमी लोकप्रियता बटुल्ने उपाय भने बनिरहेकै छन् । सरकारी स्वामित्वका अधिकांश व्यापारिक संस्थान निरन्तर घाटामा गइरहेका सरकारी तथ्यांकले यसअघि उजागर गर्दै आएका छन् । सरकारले चलाएका औद्योगिक प्रतिष्ठानले सबैभन्दा बढी घाटा बेहोरेका छन् । तर, सरकारले बेलाबेलामा ल्याएका सञ्चालन योजनामा सबैभन्दा अगाडि औद्योगिक प्रतिष्ठानलाई राखेको देखिन्छ । यस्ता उद्योग सञ्चालनको मोडालिटीमा पर्याप्त गृहकार्य आवश्यक छ । अन्यथा यो कदम सरकारी ढुकुटीमा थप भार बोकाउने कामबाहेक अन्य केही पनि सावित हुन सक्ने अवस्था छैन ।

**सरकारी घोषणाकै भरमा निजीक्षेत्र सरकारको आह्वानकै भरमा हामफालेर कुद्ने कल्पना पनि गर्न सकिँदैन । निजीक्षेत्रलाई व्यवस्थापनको पूर्ण जिम्मा दिएर चलाउने हो भने कुरा बेग्लै हो, नत्र सरकारकै नियन्त्रण र हस्तक्षेपबाट उद्यम चलाउने कुरा हावादारी गफमात्रै हुनेछ ।**

एक समय २ दर्जन औजार र उपकरणहरू उत्पादन गर्दै आएको कृषि औजार कारखाना चलाउन राष्ट्रिय अविष्कार केन्द्रका प्रमुख किताब बेच्दै हिंडेको अवस्थामा सरकार उद्योग सञ्चालनको सूची लम्ब्याउने काम गर्छ । तर, केन्द्रलाई चाहिनेजति सहयोगमा उदार देखिएको छैन । केही समयअघि बन्द अवस्थामा रहेका सातओटा उद्योगलाई चरणबद्ध रूपमा चलाउने योजना सार्वजनिक भएका थिए । सरकारले उत्पादन गरिआएका वा आपूर्तिमा सरकार सहभागी भएका वस्तुको आपूर्ति नै सधैं समस्याग्रस्त हुने गरेको छ । विद्युत् र पेट्रोलियम आपूर्ति यसका उदाहरण हुन् । सरकारले पेट्रोलियम व्यापारमा निजीक्षेत्रलाई सहभागी बनाउने तयारी गरेको थियो । भारतले लगाएको नाकाबन्दीताकाको यो कुरा नाकाबन्दीको असर सेलाएसँगै हराएर गयो । मल आपूर्तिमा सरकारले निजीक्षेत्रलाई अहिलेसम्म सहभागी गराएको छैन । खेतीको समयमा मलको हाहाकार सामान्यजस्तै लाग्न थालेको छ ।


निजीक्षेत्रका चिनी र चुरोट कारखानाले नाफा कमाइरहँदा सरकारी स्वामियत्वका यस्तै उद्योग किन घाटामा गएर बन्द भए ? यी कारखाना पुनः चलाउन कुरा आउन छोडेका छैनन् । तर, यसका लगानीदेखि सञ्चालनको मोडालिटी के हुने ? उदाहरणका लागि वीरगञ्जको चिनी कारखाना यथा अवस्थितिमा चलाउन सम्भव नहुन सक्छ । चिनी कारखानाको अवस्थिति चारैतिरबाट मानव बस्तीले घेरिएको छ । उद्योगको प्रदूषण स्थानीयका लागि बखेडाको निहुँ बन्न सक्ने सम्भावना पनि छ । यस्ता उद्योगहरूलाई अन्य ग्रामीण क्षेत्रका पायक स्थानमा स्थानान्तरण गर्न सकिन्छ । नगर क्षेत्रको मौजुदा महँगो सम्पत्ति विक्रीबाट आउने रकमले नयाँ प्रविधि र क्षमता विस्तार जान सकिन्छ ।

उद्योग सञ्चालनको कुरा गर्ने सरकार सञ्चालनको मोडालिटीमै रुमलिएको छ । आफ्नै लगानीमा चलाउने कि निजीक्षेत्रलाई सहभागी गराउने द्विविधा समाधान हुन सकेको छैन । निजीकरणको विगत परिणामले सरकार निजीक्षेत्रलाई सम्पूर्ण स्वामित्व दिने पक्षमा देखिन्न । अहिलेको अनिश्चित अवस्थामा निजीक्षेत्र यसमा सहमत हुने आधार पनि छैन । सार्वजनिक-निजी-साझेदारी (पीपीपी) को अवधारणा अहिलेका लागि सहज निकास हुन सक्छ । यसमा लगानीको भरपर्दो माहोल बनाउनुपर्छ । कानूनी पूर्वाधारहरूको सुधार र पूर्णता चाहिन्छ । सहज र सरल कानूनी प्रवधानको अभाव लगानीको अवरोध बनेको अवस्था छ । निजीक्षेत्रसँगको साझेदारी, श्रम, लगानीलगायत पक्षसँग सरोकार राख्ने कानूनी संरचना चाहिन्छ । यस्ता प्रावधानहरू लगानीमैत्री हुनुपर्छ । पीपीपी मोडेल साझेदारीको उपाय त हुन सक्छ । तर, त्यसका लागि सरकारले नियन्त्रणको मानसिनकता त्याग्नुपर्छ । निजीक्षेत्रलाई ३३ प्रतिशतसम्म शेयर दिने सरकारी घोषणा आएको थियो । यति सानो स्वामित्व लिएर निजीक्षेत्र आउने सम्भावना कमै देखिन्छ । सरकारले निजीक्षेत्रको दक्षता उपयोग गर्न चाहेको हो भने कम्तीमा ५१ प्रतिशत शेयर दिएर प्रवर्द्धन गर्नुपर्छ ।

सरकार बन्द उद्योग सञ्चालनमा निजीक्षेत्रलाई सहभागी गराउन चाहेरमात्र हुँदैन । त्यसअनुसारको वातावरण बनाउने काम पनि सरकारको प्राथमिक दायित्वमै पर्नुपर्छ । तर, सहभागिताको सार्थकतामा निजीक्षेत्र सधैं सशंकित देखिएको छ । सरकारले साँच्चै आफ्नो स्वामित्वका उद्योगहरूको उद्देश्यमूलक सञ्चालन चाहेको हो भने निजीक्षेत्रलाई विश्वासमा लिनुको विकल्प छैन । सरकारी घोषणाकै भरमा निजीक्षेत्र सरकारको आह्वानकै भरमा हामफालेर कुद्ने कल्पना पनि गर्न सकिँदैन । निजीक्षेत्रलाई व्यवस्थापनको पूर्ण जिम्मा दिएर चलाउने हो भने कुरा बेग्लै हो, नत्र सरकारकै नियन्त्रण र हस्तक्षेपबाट उद्यम चलाउने कुरा हावादारी गफमात्रै हुनेछ ।

*लेखक वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्वउपाध्यक्ष हुन् ।*

# पूर्वाधार विकासमा कहाँ छौं हामी?



**संघीयता आएपछि नेपालले स्वास्थ्य क्षेत्रमा तथ्यांकगत रूपमा राम्रो उपलब्धि प्राप्त गरेको देखिन्छ । तर, गाउँपालिकाको स्वास्थ्य चौकीमा अनुभवी डाक्टर त परको कुरा, खुट्टा दुखेको र पेट दुखेको एउटै चक्की वितरण गर्नुपर्ने बाध्यता छ ।**

**- द्वैपायन रेग्मी**

नेपालमा पूर्वाधारको विकासको अपेक्षा संविधान निर्माणपश्चात् तीव्र गतिमा बढ्ने अनुमान गरिएको थियो । सोही अपेक्षा जनतासामु देखाइएको थियो । गणतन्त्रपश्चात् नेपालमा प्रगति भइरहेको छ भनेर देखाउने माध्यम नै त्यही पूर्वाधार विकास थियो । बढ्दो बेरोजगारी र युवा पुस्ताको पलायनलाई गणतन्त्रपछि राजनीतिक दलले, सरकारहरूले व्यवस्थापन गर्न नसकेकै हो । हुन त, सूचनाप्रविधिमा नेपालले फड्को मारेको छ । आज घरघरमा इन्टरनेटको पहुँच पुगेको छ, हात हातमा मोबाइल पुगेकै छ । पूर्वाधारकै विषयमा पनि काठमाडौंको चक्रपथ फराकिलो भएको छ । कलंकीको जाम व्यवस्थापन भएको छ । कोटेश्वर-सूर्यविनायक सडकको बिस्तार भएको छ । केही नभएको भन्ने नभए पनि अहिले पूर्वाधार क्षेत्रमा जलविद्युत्बाहेक अन्य क्षेत्रमा उल्लेखनीय नतिजा देखिने गरी केही भएको भन्ने पक्षलाई स्वीकार्न कठिन नै छ ।

वर्ल्ड इकोनोमिक फोरमले नेपालको सडक गुणस्तर १४१ मध्ये १२०औं स्थानमा रहेको पुष्टि गर्दै गर्दा किन हरेक असारमा सडक निर्माणको लागि लागिपरिन्छ भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । उचित यातायातको निमित्त अहिले पनि नेपालका कयौं सडकको न्यूनतम मापदण्ड पुग्दैन । अहिले पनि ७७ जिल्लाका सबै सदरमुकामसँग उचित सडक खण्डको पहुँच पुगी नसकेको अवस्था छ । हुलाकी राजमार्गले पूर्णता पाएको छैन, मध्यपहाडी राजमार्ग निर्माणको गति सुस्त छ । नयाँ परियोजनाको त बिजोग छँदै छ, पुराना संरचनाले पनि आफ्नो स्थान पाएको छैन । आँबुखैरेनी-पोखरा सडकखण्ड होस्, नारायणघाट-बुटवल सडकखण्ड होस् या ग्वार्कोको फ्लाईओभर होस्, कुनैले पूर्णता नपाउँदा सर्वसाधारणले सास्ती खप्दै आउनु परेको छ । अझ नयाँ परियोजनामा हात हाल्ने क्रम रोकिएको छैन । पूर्वतिर महेन्द्र राजमार्गलाई चौडा बढाउन लागिपर्दै गर्दा बिपी राजमार्ग सडकखण्ड मर्मत गर्नेप्रति ध्यान गएको छैन । मेची राजमार्गलाई समेत बिस्तार गर्ने योजनाको चर्चा सुनिन थालिएको छ । जुन सडकमा जाम हुँदैन, गाडीको चाप धेरै हुँदैन, त्यसलाई अहिले हात हालेर अलपत्र पार्नु कत्तिको उचित हो भन्ने मूल्यांकन र बहस आवश्यक छ ।

नेपालमा रेलमार्गको परिकल्पना कल्पनामै सीमित रहेको छ । जनकपुरमा रेल भए तापनि त्यो निकै छोटो दूरीको छ । विराटनगरमा रेलमार्ग हेरेर नै चित्त बुझाउनुपर्ने अवस्था छ । मेची-महाकाली रेलमार्ग, रक्सौल-काठमाडौं रेलमार्ग जस्ता अवधारणा गफमै सीमित छन् । तिनले साकार रूप लिने विश्वास र आशा कसैलाई छैन ।

नेपालमा एयरपोर्टको पक्ष हेर्ने हो भने के हिसाबले निर्माण भएको भनेर मूल्यांकन गर्ने समय आएको छ । भैरहवा र पोखरा अन्तरराष्ट्रिय विमानस्थलले कत्तिको व्यापार गरिरहेको छ ? आर्थिक प्रक्षेपणबाट कत्तिको उपलब्धिमूलक रह्यो ? यसको पनि मूल्यांकन गर्न थप आवश्यक छ । निजगढमा अर्को विमानस्थल बनाउने योजना पनि छ । आन्तरिक हवाई उडानका लागि पहाडी भेगमा कुनै ठोस उपलब्धि प्राप्त हुन सकेको छैन । इलाममा विमानस्थल त बन्यो, तर नियमित उडान हुन सकेको छैन, ताप्लेजुङमा गलत स्थानमा निर्माण भएको विमानस्थलको नतिजा आजसम्म त्यहाँका बासिन्दाले खेप्दै आउनु परेको छ । गोकुलेश्वरमा होस् या बैतडीको पाटनमा, चरिकोटको जिरीमा होस् या पहाडी अन्य भेगमा नियमित उडान हुन सकेको छैन । एयरपोर्ट निर्माणको के अर्थ जब त्यसको सुविधाबाट आम नागरिक वञ्चित हुन्छन् ।

नेपालमा जलविद्युत्को प्रशस्त सम्भावना छ । तर, हिउँदमा अझै विद्युत् आयात गर्नुपर्ने स्थिति छ । यद्यपि बाँकी समयमा हामी बिजुली निर्यात गर्न सक्ने भएका छौं । यसको अर्को पक्ष नियाल्दा यहाँ पर्याप्त उत्पादन अझै पनि छैन । उद्योग, कलकारखानाहरूले मागेबमोजिम विद्युत् वितरण भएको छैन । ८३ हजार मेगावाट उत्पादन क्षमता भएको नेपालमा अहिले २८ सय मेगावाट मात्र उत्पादन भइरहेको देखिन्छ । १९११ मा स्थापित भएको फर्पिङ जलविद्युत् पश्चात् नेपालमा कयौं जलविद्युत् परियोजना आए । तर, सन् २००५ सम्म ५५७ मेगावाटसम्म मात्र विस्तारित हुन सकेको थियो । २०२१ देखि सञ्चालनमा आएको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनापछि नेपालमा ऊर्जा बढी हुन थालेको हो । तर, नेपालले यसको फाइदा अझै पनि पर्याप्त मात्रामा उठाउन सकेको छैन । केही मात्रा निर्यात गर्नुलाई अहिले सफलता मानिएको छ, तर यथार्थ हेर्ने हो भने नेपालले विद्युत् वितरण यो प्रकारले गर्न सक्नुपर्छ कि यहाँ कुनै इन्धन, ग्यासलगायत वस्तु आयात नै गर्नु नपरोस् । सन्तोषजनक नै रहेको यस क्षेत्रमा पर्याप्त उपलब्धि नेपालले प्राप्त गरेको भन्न भने मिल्दैन । दक्षिण एशिया, चिनको सिंगो बजारलाई आफ्नो बिजुली विक्री गर्न सके मात्र नेपालले यस क्षेत्रमा उपलब्धि प्राप्त गरेको मानिनेछ ।

**अहिले अमेरिकाले आफूले दिने अनुदान रोक्ने बताएको छ । यस्तो अनुदान नआउँदा नेपाल आफै ती कार्यक्रम चलाउन सक्छ कि सक्दैन भनेर प्रश्न उठ्नु स्वाभाविक हो । अनुदानको रकम जनतालाई सीधै प्रभाव पार्ने क्षेत्रमा भएको छैन भन्ने कुरा त कार्यक्रमको नाम सुनेर जोकोहीले आकलन गर्न सक्छ ।**

संघीयता आएपछि नेपालले स्वास्थ्य क्षेत्रमा तथ्यांकगत रूपमा राम्रो उपलब्धि प्राप्त गरेको देखिन्छ । अहिले सबै स्थानीय तहमा, वार्डमै पनि स्वास्थ्य चौकी छन् । नेपालमा २८ ओटा विशेष अस्पताल पनि छन् । तर, अहिले पनि गुणस्तरीय उपचारका लागि भारत, सिंगापुर लगायतका मुलुक धाउनु पर्ने अवस्था छ । गाउँपालिकाको स्वास्थ्य चौकीमा अनुभवी डाक्टर त परको कुरा, खुट्टा दुखेको र पेट दुखेको एउटै चक्की वितरण गरिनुपर्ने बाध्यात्मक अवस्था छ । पर्याप्त ध्यान नदिएकै कारण अहिले पनि सोचेअनुरूपको विकास यस क्षेत्रमा भएको देखिँदैन ।

शैक्षिक क्षेत्रलाई नियालेर हेर्ने हो भने त्यहाँ पनि अवस्था भद्रगोल नै छ । कक्षा १२ सम्मका कलेज स्कुलहरू टिकेका छन्, त्यसपछि अध्ययन गर्ने ठाउँ नै नभएसरह सोझै बाहिर पलायन हुने प्रवृत्ति बढेको छ । यहाँको शिक्षाले कहिले व्यावहारिकता सिकाउन सकेन । आफ्नो खुट्टामा आफै उभिने सिकाउन सकेन । यसले गर्दा युवाहरूले यहाँ भविष्य नदेखेर पलायन हुन थालेका हुन् । कयौं कलेज मर्ज भए, कैयौंमा विद्यार्थी अपुग छन् र कयौं त बन्द नै भइसके । यसल नै हाम्रो शैक्षिक गुणस्तर स्पष्ट दर्शिन्छ ।

हो, नेपालले फड्को मारेको एक क्षेत्र भनेको सूचनाप्रविधि हो, सञ्चारतर्फ हो । हिजोभै आज रेडियोमा कति बेला ७ बज्छ र समाचार सुन्न पाइन्छ भन्ने युगबाट अब चाहिएको समयमा आफूलाई चाहिएको जानकारी हातमै उपलब्ध हुने व्यवस्था भएको छ । तर, यो स्वाभाविक विकास हो । कसैले रोकेर रोकिने विकास थिएन । तसर्थ यसमा गर्व गर्नुपर्ने कुनै आधार छैन ।

पूर्वाधार क्षेत्रमा नेपालले जति उपलब्धि प्राप्त गर्नुपर्थ्यो, त्यो नगरेकै हो । यसमा दुईमत छैन । अहिले अमेरिकाले दिने अनुदान रोक्ने बताएको छ । यस्तो अनुदान नआउँदा नेपाल आफै ती कार्यक्रम चलाउन सक्छ कि सक्दैन भनेर प्रश्न उठ्नु स्वाभाविक हो । अनुदानको रकम जनतालाई सीधै प्रभाव पार्ने क्षेत्रमा भएको छैन भन्ने कुरा त कार्यक्रमको नाम सुनेर जोकोहीले आकलन गर्न सक्छ । जनताले तिरेको कर केमा गइरहेको छ ? देखाउनलाई कम गुणस्तरको पिच सडक बन्दा खुशी हुने जनताहरूमाझ सडक कुन गुणस्तरको निर्माण भइरहेको छ भनेर मापन गर्ने आधार पनि दिन आवश्यक छ । मुलुक समृद्ध हुन आफै सक्षम हुनुपर्छ । अर्बौं रकम एउटा प्राथमिक शेयर निष्कासन हुँदा सर्वसाधारणले हाल्न तँछाडमछाड गर्छन् । यसको अर्थ मुलुकका पैसा नै नभएको भन्ने होइन । जनतासँग भएको पैसा देशको विकासमा कसरी लगाउन सकिन्छ भन्ने सोच नेतृत्वमा पाइँदैन । विश्वासिलो वातावरण सृजना गरे जनताले पनि लगानी गर्छन् । यसको अभिभारा राज्यकै हो ।

*रेग्मी बैंकर हुन् ।*



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**काठमाडौंको स्वयम्भूस्थित भुइँखेलमा आयोजित 'स्वयम्भू महोत्सव २०८१' मा भैरवको ठूलो मूर्ति अगाडि फोटो खिच्दै आगन्तुकहरू । धार्मिक, सांस्कृतिक, सामाजिक संरचना, रीतिस्थिति, परम्परा र प्राचीन स्मारकको प्रवर्द्धन गर्ने उद्देश्यले काठमाडौं महानगरपालिका वडा नं १५ ले आयोजना गरेको महोत्सव शनिवार (फागुन १७)सम्म सञ्चालन हुनेछ ।**

# उद्योग तथा व्यवसायी महासंघ कोशीमा थापा

विराटनगर (अस) । नेपाल उद्योग तथा व्यवसायी महासंघ कोशी प्रदेशको पहिलो अधिवेशनले माधवराज थापाको अध्यक्षतामा ९५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

महाधिवेशनले ११ ओटा वस्तुगत संगठन, कोशी प्रदेशका १४ ओटा जिल्ला र विराटनगर महानगर सहितको प्रतिनिधित्व रहने गरी प्रदेश कमिटी चयन गरेको हो । महासंघको उपाध्यक्ष उमेश घिमिरे, सचिवमा डिल्लीप्रसाद ढकाल, कोषाध्यक्षमा सन्तोष उप्रेती, सहकोषाध्यक्षमा चन्द्रप्रसाद अधिकारी र उपसचिवमा यादवमणि दाहालसहित ११ पदाधिकारी चयन भएका हुन् ।

अधिवेशनको उद्घाटन गर्दै नेकपा (एमाले) स्थायी कमिटी सदस्य एवं कोशी प्रदेश इन्चार्ज शेरधन राईले अर्थतन्त्रलाई चलायमान बनाउन र राष्ट्रिय पूँजी निर्माणमा तीन तहको सरकारले महत्त्वपूर्ण भुमिका निर्वाह गर्नुपर्ने बताए । उनले संघ, प्रदेश

**महाधिवेशनले ११ ओटा वस्तुगत संगठन, कोशी प्रदेशका १४ ओटा जिल्ला र विराटनगर महानगर सहितको प्रतिनिधित्व रहने गरी प्रदेश कमिटी चयन गरेको हो ।**

र स्थानीय सरकारले अर्थतन्त्रको सवालमा गर्नुपर्ने कामको सन्दर्भमा महासंघले पनि पृष्ठपोषण दिनुपर्ने सुझाव दिए ।

मुलुकमा राजनीतिक स्थायित्व र स्थिरता हुन नसकिरहेको अवस्थामा त्यसको सिकारमा निजीक्षेत्र परिरहेको उनको भनाइ छ । 'राम्रा नीतिहरूको अभावमा, प्रोत्साहनको अभावमा, प्रवर्द्धनको अभावमा निजीक्षेत्र पिल्सिरहेको अवस्था छ,' उनले भने, 'यसबाट कसरी निजीक्षेत्रलाई माथि उठाउने, समस्याबाट बाहिर कसरी निकाल्ने, कसरी ढुक्कले लगानी गर्न सकिन्छ, कसरी अर्थतन्त्रलाई माथि लैजान सकिन्छ र रोजगारी सृजना गर्न सकिन्छ भन्ने विषयमा तीनै तहको सरकारले ध्यान दिनुपर्छ ।'

उनले निजीक्षेत्रले पनि राष्ट्र निर्माणसँगै अर्थतन्त्रलाई माथि उठाउने सवालमा ध्यान दिन जरुरी रहेको बताए । अधिवेशनलाई एमाले कोशीका अध्यक्ष घनश्याम खतिवडा, नेपाल उद्योग परिसंघका केन्द्रीय उपाध्यक्ष भिम घिमिरे लगायतले सम्बोधन गरेका थिए ।

# चैत १८ देखि साताको २ दिन पोखरा–ल्हासा सीधा उडान

काठमाडौं (अस) । चीनको एक्जिम बैंकको ऋणमा बनेको पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट उद्घाटन भएको २ वर्षपछि नियमित व्यावसायिक उडान हुने भएको छ । पोखरा अन्तरराष्ट्रिय विमानस्थल २०७९ पुस १७ गते उद्घाटन भएको थियो । नेपालबाट अन्तरराष्ट्रिय उडान गर्दै आएको निजीक्षेत्रको हिमालय एयरलाइन्सले साताको २ दिन सोमवार र मंगलवार पोखरा-ल्हासा सीधा उडान गर्ने भएको हो ।

बिहीवार सामाजिक सञ्जाल फेसबुकमा सूचना राखेर उक्त एयरलाइन्स कम्पनीले आउँदो चैत १८ गते (मार्च ३१) देखि उडान शुरू गर्ने जानकारी दिएको छ । चैत १८ गते सोमवार ल्हासादेखि पोखरा र मंगलवार चैत १९ गते (अप्रिल १) गते भने पोखरा-ल्हासा उडान हुने उल्लेख गरिएको छ ।

नेपाल र चीनका लगानीकर्ताको ज्वाइन्ट भेन्चर (जेभी)मा सन् २०१४ मा हिमालय एयरलाइन्स स्थापना भएको थियो । यसले अन्तरराष्ट्रिय उडान गर्दै आएको छ । तिब्बतियन सिभिल एभिएशन डेभलपमेन्ट एन्ड इन्भेस्टमेन्ट कम्पनी लिमिटेड (टीसीएडीआईसी) र नेपाली साझेदार यती वर्ल्ड इन्भेस्टमेन्ट प्रालिको संयुक्त लगानीको उक्त एयरलाइन्स कम्पनीले स्थापनाको लामो समयपछि ल्हासामा सीधा उडानका लागि प्रक्रिया अघि बढाएको छ ।

साताको २ दिन पोखरा-ल्हासा उडान गर्ने तालिका सार्वजनिक गरेको हिमालयले नेपाल नागरिक उड्डयन प्राधिकरणसँग काठमाडौंस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट पनि ल्हासामै उडान गर्न अनुमति मागिरहेको छ । केही साताअघि उक्त कम्पनीले साताको ४ दिन सोमवार, मंगलवार, बुधवार र शुक्रवार काठमाडौं र पोखराबाट तिब्बतको राजधानी ल्हासामा उडान गर्न प्राधिकरणमा प्रस्ताव पेश गरेको थियो । हाल हिमालय एयरलाइन्सले चीनको पेचिङ र चोङ्क्विङ, साउदी अरबको दमाम र रियाद, बंगलादेशको ढाका, यूएईको दुबई, कतारको दोहा, मलेशियाको क्वालालम्पुर र कुवेतमा उडान गर्दै आएको छ ।

बाँकी पृष्ठ १ बाट ...

**अटो आयातको ...**

राष्ट्र बैंकले अटो कर्जामा कडाइ गरेकै कारण अब आयातमा कमी आउने सम्भावना भन्सार अधिकारीहरू व्यक्त गर्छन् । चालू आवको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत राष्ट्र बैंकले व्यक्तिगत सवारीसाधन र सबै प्रकारका विद्युतीय सवारीसाधनको ऋण मूल्य अनुपात (लोन टू भ्यालू रेसियो) को सीमा ६० प्रतिशत कायम गरेको छ । यसअघि विद्युतीय सवारीसाधनको ऋण मूल्य अनुपात ८० प्रतिशत थियो ।

नयाँ व्यवस्थाअनुसार अब विद्युतीय सवारीसाधनका ग्राहकलाई बैंक, वित्तीय संस्थाले मूल्यको ६० प्रतिशत मात्रै कर्जा दिन पाउँछन् । बाँकी ४० प्रतिशत ग्राहकले शुरूमै बुझाउनुपर्छ ।

**नेपाल र भारतबीच ...**

बैठकले नेपाल-भारतबीचका मौजुदा विद्युत् प्रसारण लाइनहरू, निर्माणाधीन तथा प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनहरू, भारतीय लगानीका विभिन्न जलविद्युत् आयोजना तथा सम्बद्ध प्रसारण लाइन आयोजनाहरू, अन्तरदेशीय विद्युत् आयात-निर्यातलगायत विषयमा सहमति गरेको थियो ।

सन् २०२८/२९ र २०२९/३० सम्ममा उक्त प्रसारण लाइनको निर्माण सम्पन्न गरिसक्ने सहमति यसअघिको बैठकमा भइसकेको छ ।

चमेलिया (नेपाल)-जौलजीवी (भारत) २२० केभी डबल सर्किट प्रसारण लाइन निर्माणका लागि पनि नेपालतर्फको लाइनको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) सरकारी स्वामित्वको एनईए इन्जिनीयरिङ कम्पनी लिमिटेडले तयार गर्ने गरी सम्झौता गर्ने विषयमा छलफल भएको श्रेष्ठले बताए । जेएससी बैठकले यो प्रसारण लाइनको निर्माण नेपाल खण्डमा प्राधिकरण र भारत खण्डमा पावर ग्रीडले सन् २०२७ भित्र सक्ने गरी २०२५ मार्चभित्रै डीपीआर तयार गरिसक्ने सहमति गरेको थियो ।

त्यसैगरी निजगढ-हरनैया, कोहलपुर-लखनउ र ढल्केवर-मुजफ्फरपुर प्रसारण लाइन निर्माणमा समेत जेएससी बैठकमा सहमति जुटेको हो । आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली व्यापार गर्ने लक्ष्यलाई सहयोग पुग्ने गरी यी प्रसारण लाइनको डीपीआर तयार गरिने बताइएको छ । हाल नेपाल र भारतबीच उच्च क्षमताको ४०० केभीको ढल्केवर-मुजफ्फरपुर प्रसारण लाइन मात्र सञ्चालनमा छ । यो प्रसारण लाइनबाट ८०० मेगावाट बिजुली आपूर्ति भइरहेकोमा सुदृढीकरण गरी १ हजार मेगावाट क्षमताको बनाइने बताइएको छ ।

**पदमुक्त गर्ने ...**

'म नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०४/२५ को निर्णयानुसार नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा १७ (१) बमोजिम ४ वर्षका लागि नियुक्त भएको हुँ । निवेदकलाई सेवाबाट हटाउने विषयमा स्पष्टीकरण सोध्ने र कारबाही गर्ने अधिकार कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा १६, नेपाल सरकारको कार्य सञ्चालन नियमावली, २०६४ को नियम २१ (अनुसूची-१ को क्र.स. ३३) र नेपाल विद्युत् प्राधिकरण कार्यकारी निर्देशक वा महाप्रबन्धकको सेवा शर्त तथा सुविधासम्बन्धी विनियमावली, २०६१ को विनियम २४ बमोजिम मन्त्रालयलाई नभएको बेहोरा पुनः निवेदन गर्दछु,' स्पष्टीकरण पत्रमा घिसिङले भनेका छन्, 'क्षेत्राधिकारको उक्त बुँदाको अतिरिक्त नेपाल विद्युत् प्राधिकरण कार्यकारी निर्देशक वा महाप्रबन्धकको सेवा शर्त तथा सुविधासम्बन्धी विनियमावली, २०६१ को विनियम २२ मा उल्लिखित अवस्थामध्ये कुन आरोपमा कारबाही गर्न लागिएको हो ? तहाँबाट कसुर नै यकीन नभएको स्पष्टीकरणबाटै प्रकट भएको छ । स्पष्टीकरणमा कसुर यकीन नगरी गोश्वरा आरोपमा कारबाही गर्न मिल्दैन ।'

आफूलाई यसअघि सोधिएको स्पष्टीकरण केकति कारण चित्तबुझ्दो भएन भनेर प्रतिप्रश्न गरेका घिसिङले स्पष्टीकरणमा आधार र कारण नखुलेकाले थप पुस्टचाइँ पेश गर्ने अवस्था नरहेको तर्क गरेका छन् । 'मेरो नियुक्तिपश्चात् प्रगतिको सूचकांकले सबै प्रगति उजागर गर्छ । तसर्थ आत्मगत रूपमा जवाफ चित्तबुझ्दो नभएको भनी पुनः स्पष्टीकरण माग गरिनु कानून र न्यायको मान्य सिद्धान्त प्रतिकूल छ,' उनको स्पष्टीकरणमा भनिएको छ ।

घिसिङले नेपाल विद्युत् प्राधिकरण कार्यकारी निर्देशक वा महाप्रबन्धकको सेवा शर्त तथा सुविधासम्बन्धी विनियमावली, २०६१ को विनियम २२ मा उल्लिखित अवस्थाका आधारमा मन्त्रालयसँग आफ्लाई कारबाही गर्न मिल्ने कुनै अधिकार नभएको दाबी पेश गरेका छन् ।

मन्त्री खड्काका सबै आरोपको खण्डन गर्दै घिसिङले आफ्नो नेतृत्वमा प्राधिकरणको प्रगति आफै बोल्छ भनेर जोड दिएका छन् । मन्त्री खड्काले उठाएका प्रमुख मुद्दामा मन्त्रालयको पूर्वस्वीकृतिविना भारतको विहार र उत्तर प्रदेशबाट आयात गर्ने बिजुलीको महशुल बढाउने सम्झौतामा हस्ताक्षर गर्ने घिसिङको निर्णय पनि थियो ।

जवाफमा घिसिङले महशुल वृद्धि विगत वर्षहरूको तुलनामा कम भएको बताएका छन् । उनका अनुसार विगत ८ वर्षको तुलनामा यसपालि अझ कम दररेट तोकिएको छ । उनका अनुसार पहिलेको ५ दशमलव ५ प्रतिशतको सट्टा केवल १ दशमलव ५ प्रतिशतले दररेट बढेको छ । यो दररेट पनि दिउँसो ४ बजेदेखि राति ८ बजेसम्मका लागि मात्रै भएको घिसिङको भनाइ छ ।

# अध्यादेशमार्फत आएका कानून पारित गर्न उद्योग संगठनको आग्रह

**अभियान संवाददाता**

विराटनगर

औद्योगिक वातावरण तथा लगानी अभिवृद्धिका लागि अध्यादेशमार्फत विद्यमान कानूनहरूमा गरिएको सुधारका विषयहरू समेटिएको विधेयक यथाशक्य पारित गरी कार्यान्वयनमा ल्याउन उद्योग संगठन मोरङले अनुरोध गरेको छ ।





नेपाल सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि गर्न एकसाथ दुई दर्जनभन्दा बढी कानूनमा गरेको संशोधनले व्यावसायिक वातावरण निर्माणका लागि निजीक्षेत्रले लामो समय उठाउँदै आएका विषयलाई सम्बोधन गर्ने प्रयत्न गरेको हुनाले आर्थिक एवं व्यावसायिक हितको यो महत्त्वपूर्ण विषयलाई सम्पूर्ण राजनीतिक दलहरूले उच्च महत्त्वका साथ लिई अघि बढाउनुपर्नेमा संगठनले जोड दिएको छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ अन्तर्गत सार्वजनिक पदाधिकारीले निर्णय गर्नुपर्ने विषय सूचना, प्रमाण वा कागजात प्राप्त भएको मितिले ७ दिनभित्र निर्णय गर्नुपर्ने, नागरिक एपसँग अन्तरआवद्धता गरी प्रत्यक्ष र शीघ्र सेवा प्रदान गर्नुपर्ने, मन्त्रालयहरूले आन्तरिक दिग्दर्शन बनाई लागू गर्न सक्ने प्रावधानले सेवा प्रवाहलाई छिटोछरितो बनाउन सहयोग पुग्ने संगठनले बताएको छ ।

**एकसाथ दुई दर्जनभन्दा बढी कानूनमा गरिएको संशोधनले व्यावसायिक वातावरण निर्माणका लागि निजीक्षेत्रले लामो समय उठाउँदै आएका विषयलाई सम्बोधन गर्ने प्रयत्न गरेको हुनाले आर्थिक एवं व्यावसायिक हितको यो महत्त्वपूर्ण विषयलाई सम्पूर्ण राजनीतिक दलहरूले उच्च महत्त्वका साथ लिई अघि बढाउनुपर्छ ।**

त्यसैगरी राजस्व न्यायाधिकरण ऐन, २०३१ मा मुद्दा पुनरावेदन गर्दा नगदै धरौटी राख्नुपर्ने व्यवस्थाको सट्टामा नगद धरौटी वा बैंक जमानत राख्न सक्ने व्यवस्था, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा २० प्रतिशतभन्दा बढी मुनाफा लिएको अवस्थामा कैद तथा जरिवाना गर्ने व्यवस्था हटाउँदा व्यवसाय जगतमा छाएको डर र त्रासको वातावरणमा सुधार आउने, कम्पनी ऐन, २०६३ प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत हुँदा पुनः स्वीकृति लिन आवश्यक नपर्ने, कम्पनीले कार्यालयमा बुझाउन बाँकी विवरण, सूचना २०८२ असार मसान्तसम्म बुझाएमा लाग्ने जरिवानामा ९० प्रतिशत छुट दिने व्यवस्था, कम्पनी बन्द गर्दा हुने झन्झटसम्बन्धी अन्य व्यस्थामा गरिएको सुधार र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ का केही बुँदामा भएको संशोधनले व्यावसायिक जगतमा सकारात्मक सन्देश प्रवाह भएको संगठनले बताएको छ ।

यसका साथै औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधन गरी उद्योग दर्ता गर्न निवेदन दर्ता गरेको १५ दिनभित्र निर्णय गर्नुपर्ने, ठूला उद्योगलाई नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराउन सक्ने, दर्ता नभई सञ्चालनमा आएका उद्योगलाई बन्द नगरी जरिवाना लिएर दर्ता गर्न सक्ने व्यवस्थाका साथै निजीक्षेत्रलाई बढावा दिने गरी गरिएको अन्य संशोधनहरूलाई संगठनले स्वागत गरेको छ ।

संगठनले यसअघि विद्यमान ऐनहरूका कसुर र सजायको व्यवस्थामा सुधार गरी आवश्यकताअनुसार उद्यमशीलतालाई हतोत्साहित गर्ने प्रावधानहरू खारेज गर्ने, डुब्लिकेसन हटाउने, क्रिमिनल र व्यावसायिक कसुरलाई फरक गर्ने र उद्यमशीलता प्रवर्द्धन गर्ने गरी परिमार्जन गर्न आवाज उठाउँदै आएको परिप्रेक्ष्यमा २ दर्जनभन्दा बढी कानूनमा एकसाथ गरिएका यी अग्रगामी सुधारबाट समग्र निजीक्षेत्र अत्यन्तै उत्साहित भएको संगठनका अध्यक्ष राकेश सुरानाले बताए । सरकारले आर्थिक सुधारका लागि ३५ वर्षपछि गरेको यो अग्रगामी सुधार दलीय राजनीतिको कोपभाजनमा पर्ने हो कि भन्ने आशंका व्यक्त गर्दै अध्यक्ष सुरानाले आर्थिक एवं औद्योगिक विकासको मुद्दामा सबै राजनीतिक दलले राष्ट्रिय सहमति कायम गरी वर्तमानमा देखिएको चरम निराशालाई चिर्न अपरिहार्य रहेको बताए ।

# सिर्दिबासको बगरमा पतेरा टिप्नेको भीड



गोरखा । जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित चुमनुब्री गाउँपालिका-३ स्थित सिर्दिबासको बगरमा पतेरा (किरा) टिप्नेको भीड लागेको छ । बिहीवार बिहानदेखि गाउँमा एकाएक पतेरा आएपछि टिप्नेहरूको भीड लागेको स्थानीय कुमारी गुरुङले बताइन् ।

'सिर्दिबास र फिलिम जोड्ने पुलमुनि आज बिहानदेखि पतेरा देखापरे, त्यसपछि गाउँलेहरू एकाएक टिप्न गए,' उनी भन्छिन्, 'बगरमा पतेरा किनबेचसमेत हुन थालेको छ । बिहान प्रतिकिलो २ हजार रुपैयाँमा किनबेच भएकामा दिउँसो प्रतिकिलो ३ हजारमा कारोबार भयो ।' उक्त पतेरा कसले, कहाँ र के प्रयोजनका लागि लैजान लागेको हो भन्नेबारे केही थाहा नभएको गाउँलेको भनाइ छ ।

गुरुङका अनुसार एक जनाले दुईदेखि तीन केजीसम्म पतेरा टिपेका छन् । सो वडाका वडाअध्यक्ष रामकुमार गुरुङले पनि गाउँको बगरमा एकाएक पतेरा आएपछि गाउँलेहरू टिप्न गएको बताए । 'यसरी मान्छेहरू गएका छन् भन्ने कुरा दिउँसो मात्र थाहा पाएँ तर किन र कहाँ लैजाने भन्नेबारे पत्ता लगाउन सकेको छैन,' उनले भने । टिप्न जानेहरूले तरकारी हुन्छ रे भनेर सुनाएको उनले बताए ।

यस विषयमा मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)मा समेत जानकारी गराइएको छ । यस क्षेत्रमा ठूलो संख्यामा पतेरा आएको पहिलोपटक भएको वडाअध्यक्ष गुरुङ बताउँछन् । 'पहिला गाउँमा खुसार्नीका बोटमा १/२ ओटा पतेरा लागेको थाहा थियो, अहिले बूढीगण्डकीको किनारभरि पतेरा छ । कहाँबाट आयो थाहा भएन,' उनले भने । *रासस*

# धनौजी गाउँसभाको सम्पूर्ण निर्णय, योजना र बजेट बदर

जनकपुरधाम (अस) । उच्च अदालत जनकपुरले धनुषाको धनौजी गाउँपालिकाका उपाध्यक्ष रामवतीदेवी मण्डलले दायर गरेको रिट निवेदनमा फैसला सुनाउँदै उक्त गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को गाउँसभाको सम्पूर्ण निर्णय, योजना र बजेट बदर गरिदिएको छ ।

उपाध्यक्ष मण्डलका अनुसार गैरकानूनी तरिकाले सञ्चालन भएका सम्पूर्ण योजना तथा कार्यक्रम र भुक्तानी भएका सम्पूर्ण चेकको अब अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिन गर्नेछ । आर्थिक वर्ष २०८१/८२ को गाउँसभा उपाध्यक्ष मण्डललाई जानकारी नै नदिई गरिएको थियो । सो गाउँसभाविरूद्ध मण्डलले उच्च अदालत जनकपुरमा रिट दायर गरेकी थिइन् । उक्त रिटमा फैसला सुनाउँदै अदालतले गाउँसभाले गरेको सम्पूर्ण निर्णय, विकासका योजना र आर्थिक लेनदेन बदर गरिदिएको हो ।

मण्डलले गाउँपालिकासँग आर्थिक वर्ष २०८१/८२ को आयव्यय प्रतिवेदन, कर्मचारी विवरण लगायत सूचना पनि माग गरेको बताइन् । तर, गाउँपालिकाले वास्ता नगरेपछि आफू सूचना आयोग पुगेको र आयोगले सूचना दिन आदेश दिए पनि गाउँपालिकाले नदिएको उनको भनाइ छ ।

आर्थिक वर्ष २०८१/८२ को लागि यो गाउँपालिकाले ४५ करोड ७९ लाख ७६ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । गाउँसभाको सम्पूर्ण निर्णय उच्च अदालतले अवैधानिक ठहर गरेपछि गाउँपालिकाको सम्पूर्ण कामकाज ठप्प हुने अवस्था आएको छ । सूचना माग्न जाँदा गाउँपालिकाका प्रशासकीय अधिकृत र अन्य कर्मचारीले आफूमाथि हातपातसमेत गरेको मण्डलको दाबी छ ।

राजनीतिक दल र प्रशासकीय अधिकृतले घरघरमा माइन्युट घुमाएर योजनाको काम गरेको उनको दाबी छ । उच्च अदालतको फैसलापछि यही फागुन ८ गते अख्तियारमा समेत मुद्दा दर्ता गराइसकेको मण्डलले बताइन् ।

# भारतबाट आयातले स्वदेशी केराको बजार प्रभावित

चितवन । भारतबाट आयातले स्वदेशमा उत्पादित केराको बजारलाई प्रभावित बनाएको छ । भारतबाट वैध र अवैध दुवै रूपमा भित्रिएको केराले बजार प्रभावित बनाएको हो । चितवन केरा उत्पादक संघका अध्यक्ष माधव घिमिरेका अनुसार अहिले यहाँको केरा बजारीकरणका लागि तयारी अवस्थामा छन् । बजारमा भारतीय केराले स्थान पाउँदा यहाँको उत्पादनले सहजै बजार पाउन कठिन भएको उनले बताए ।

भारतमा ठूला र चिल्ला केरा उत्पादन हुने हुँदा यहाँको तुलनामा भारतीय केरामा ग्राहकको आँखा पर्ने गर्छ । नेपालको बजारमा ४० प्रतिशत केरा भारतबाट आउने गर्छ । थोरै केरामात्र भन्सार तिरेर आउने र धेरै अवैध रूपमा भित्रने अध्यक्ष घिमिरेको दाबी छ । *रासस*

**दिपायल सिलगढी नगरपालिका**
**नगरकार्येपलिकाको कार्यालय,**
**दिपायल, डोटी**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८१/११/१६**

**यस कार्यालयबाट मिति २०८१/०९/२३ गते नया पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा तपशिल बमोजिमको निर्माण कार्य सम्बन्धि शिलबन्दी बोलपत्र (E– Bid) आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरु मध्य तपशिलको बोलपत्रदाता न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागी छनौट भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ ।**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | कामको विवरण | न्यनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता | कवोल अंक (मु.अ.कर. सहित) |
|---|---|---|---|---|---|
| 1 | NCB/DSNP/WORKS/03/081/082 | Construction of cold store center in Dipayal,Doti | Building Construction | S.S.K. Sutra Construction & Suppliers, Anchalpur-09, Siddharthanagar, Rupandehi Nepal Rupandehi Nepal | Nrs. 63,12,798.03 (In words: Rupees Sixty Three Lakh Twelve Thousand Seven Hundred Ninety Eight And Three Only) |

**प्रमुख प्रशासकिय अधिकृत**

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) | | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बोनस | नगद | | |
| १ | एनआईसी एशिया बैंक लिमिटेड | २०८०/८१ | त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं | फागुन २२ | ९:०० | | | अग्राधिकार शेयर जारी गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन ८ - फागुन २२ |
| २ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | कम्पनीको केन्द्रीय कार्यालय, सप्तरी | फागुन २३ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन ९ |
| ३ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, नक्साल, काठमाडौं | फागुन २५ | १०:०० | | ९.७३६८ | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन १२ |
| ४ | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | दियो महल, धुम्बाराही, काठमाडौं | फागुन २५ | ११:०० | | २१.०५२६४ | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन १५ |
| ५ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | अनमोल ब्याङ्क्वेट, शंखमुल, काठमाडौं | फागुन २७ | ११:०० | | ८.७५ | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन १५ |
| ६ | विशाल बजार कम्पनी लिमिटेड | २०७०/७१ – २०७५/७६ | त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं | फागुन २८ | ११:०० | | १४ | सञ्चालकको निर्वाचन/नियुक्ति, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | फागुन ९ |
| ७ | सिन्धु विकास बैंक लिमिटेड | २०७९/८०, २०८०/८१ | होटल मिराबल, धुलिखेल, काभ्रेपलाञ्चोक | फागुन २८ | ११:०० | | | ५० प्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | फागुन १५ |
| ८ | नेपाल बैंक लिमिटेड | २०८०/८१ | नेपाल ए.पी.एफ. क्लब, हलचोक, काठमाडौं | चैत ६ | १०:३० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २२ |
| ९ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | अनमोल क्याटरिङ् सर्भिस प्रा.लि., शंखमुल, काठमाडौं | चैत ७ | ११:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २५ |
| १० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लि. | २०८०/८१ | गोर्खा होटल, धरान, सुनसरी | चैत ८ | ९:०० | | | शेयर स्वामित्व संरचना परिवर्तन गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २८ |
| ११ | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | रोयल कुश्मा रिसोर्ट, कुश्मा, पर्वत | चैत १० | ११:३० | १४.२५ | ०.७५ | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २८ |
| १२ | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड | २०८०/८१ | आभ्या क्लब, घारीपाटन, पोखरा | चैत ११ | ११:०० | ४ | ०.२११ | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २३ |
| १३ | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड | २०८०/८१ | त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं | चैत १५ | ११:०० | | १० | वार्षिक प्रतिवेदन पारित गर्ने | चैत १ - चैत १५ |

### जलविद्युत् कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड | २६३५ | ३३०० | ९१५ |
| २ | सिक्लेस हाइड्रोपावर लिमिटेड | १३७५ | १४७५ | ४५२ |
| ३ | भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ११५०.२ | १३६१.७ | ५४८ |
| ४ | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | १०९३ | १२७५ | ४४९ |
| ५ | सुपरमाई हाइड्रोपावर लिमिटेड | १०८१.८ | १२८३ | ६४० |
| ६ | सुपर मादी हाइड्रोपावर लिमिटेड | १०५३.८ | १६५७ | ४२१.५ |
| ७ | मिड सोलु हाइड्रोपावर लिमिटेड | १०१० | ११८० | ५६२ |
| ८ | नेपाल हाइड्रो डेभलोपर लिमिटेड | ९९७.६ | ९९७.६ | ४०८ |
| ९ | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ९९३.३ | ९९३.३ | ३२९.१ |
| १० | शुभम पावर लिमिटेड | ९७० | ११०९.६ | ६२१ |
| ११ | माण्डु हाइड्रोपावर लिमिटेड | ९५८ | १४९३.१ | ६४८.६ |
| १२ | रावा इनर्जि डेभलपमेन्ट लिमिटेड | ९३३ | ९९० | ४३०.२ |
| १३ | थ्रीस्टार हाइड्रोपावर लिमिटेड | ८९० | १२३१ | ४६०.६ |
| १४ | इष्टर्न हाइड्रोपावर लिमिटेड | ८८५ | ९९७ | ४१५.७ |
| १५ | मन्दाकिनी हाइड्रोपावर लिमिटेड | ८४९ | ११०१ | ३६१.५ |
| १६ | सयपत्री हाइड्रोपावर लिमिटेड | ८४३ | ९२२ | ४४३ |
| १७ | रिभर फल्स पावर लिमिटेड | ८२४.१ | १४८४ | ३१८ |
| १८ | चिरख्वा हाइड्रोपावर लिमिटेड | ८११ | ९१० | ४८०.५ |
| १९ | अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड | ८०५.२ | ९६१ | ४४३.२ |
| २० | एशियन हाइड्रोपावर लिमिटेड | ८०४ | ९०४ | ४१०.१ |
| २१ | मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड | ८०० | ८६० | ३४२ |
| २२ | भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ७९० | १०८० | ३२७ |
| २३ | माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड | ७८० | ८९०.४ | ३९१ |
| २४ | रू रू जलविद्युत् परियोजना लिमिटेड | ७७४.१ | ९२६.८ | ४८४.९ |
| २५ | ईङवा हाइड्रोपावर लिमिटेड | ७६६ | ८३८ | ३२३.१ |
| २६ | भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड | ७५२ | ८१६ | ४४५.१ |
| २७ | दोल्ती पावर कम्पनी लिमिटेड | ७२९ | १०१७ | ३४८ |
| २८ | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड | ७१३ | ७९० | ३२५ |
| २९ | माईखोला हाइड्रोपावर लिमिटेड | ७१० | ७६५ | ३४२ |
| ३० | अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड | ६९६ | ७५२ | ३३३.२ |
| ३१ | बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ६९० | ८२९.७ | ४३४ |
| ३२ | सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | ६६८ | ८०० | ३४३.६ |
| ३३ | पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | ६५६ | ७४५.६ | २७५.१ |
| ३४ | राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड | ६५२ | ७०८ | २७५ |
| ३५ | मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड | ६५० | ६५५ | ३५५ |
| ३६ | मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड | ६४४ | ६९६ | २७५ |
| ३७ | मेन्छियाम हाइड्रोपावर लिमिटेड | ६४१ | ७१४ | ३१२.८ |
| ३८ | सामलिङ्ग पावर कम्पनी लिमिटेड | ६२४ | ७२२ | ४६४ |
| ३९ | न्यादी हाइड्रोपावर लिमिटेड | ६१० | ८८० | २६०.३ |
| ४० | माउन्टेन इनर्जी नेपाल लिमिटेड | ६०३.५ | ८०९.५ | ४९८.१ |
| ४१ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५९३ | ६२७ | २७१.९ |
| ४२ | मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड | ५९२ | ७३५ | ४०२ |
| ४३ | पिपुल्स पावर लिमिटेड | ५९२ | ६८३.४ | २९९.१ |
| ४४ | हिमालयन हाइड्रोपावर लिमिटेड | ५९०.९ | ६३५ | ३१८ |
| ४५ | हिमालयन पावर पार्टनर लिमिटेड | ५९० | ६५६ | २४४ |
| ४६ | तेह्रथुम पावर कम्पनी लिमिटेड | ५८८ | ६७१.६ | ४१० |
| ४७ | अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५८५ | ६९३ | ३०० |
| ४८ | त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ५८४ | ६९७ | ४३१ |
| ४९ | कालिका पावर कम्पनी लिमिटेड | ५८२ | ६५२.४ | ३८०.२ |
| ५० | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | ५७८ | ६३७ | ३४८ |
| ५१ | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड | ५७७ | ६४९.५ | २९५.२ |
| ५२ | बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड | ५४८.१ | ७४२ | ४२२ |
| ५३ | ग्रीन भेन्चर्स लिमिटेड | ५४७ | ६९९.९ | ४०२.४ |
| ५४ | चिलिमे जलविद्युत् कम्पनी लिमिटेड | ५४० | ६९७ | ४२६.३ |
| ५५ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड | ५३२ | ५९९.७ | २८१.३ |
| ५६ | साहस उर्जा लिमिटेड | ५०६.८ | ७२५ | ४०९.५ |
| ५७ | सानिमा माई हाइड्रोपावर लिमिटेड | ५०५ | ६८० | ३१६ |
| ५८ | बरुण हाइड्रोपावर कम्पनी लिमिटेड | ४८६ | ५२४ | २११ |
| ५९ | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | ४२२.३ | ५२७ | २६०.३ |
| ६० | बुटवल पावर कम्पनी लिमिटेड | ४१५ | ५३६.५ | २८४.४ |
| ६१ | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ४१४.५ | ५२१.६ | २६५ |
| ६२ | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | ४११ | ४१९ | २२३.१ |
| ६३ | राधी विद्युत् कम्पनी लिमिटेड | ४०६.७ | ४७७ | २२३.२ |
| ६४ | दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड | ३८४.४ | ६९६ | ३५६.४ |
| ६५ | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | ३७६.९ | ३९३.२ | १८५.३ |
| ६६ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ३७६ | ४७५ | २०९ |
| ६७ | सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | ३६२ | ३८९ | २२०.२ |
| ६८ | वलेफी हाइड्रोपावर लिमिटेड | ३६० | ५२० | ३१२ |
| ६९ | सान्जेन जलविद्युत् कम्पनी लिमिटेड | ३५६ | ४४२ | २५६ |
| ७० | मोदी ईनर्जी लिमिटेड | ३५६ | ३९३ | २०३ |
| ७१ | युनियन हाइड्रोपावर लिमिटेड | ३५४ | ३७१ | २१२.६ |
| ७२ | मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड | ३५३ | ४३३ | २७९.३ |
| ७३ | पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड | ३२६.९ | ३४८.८ | २१४.२ |
| ७४ | पाँचथर पावर कम्पनी लिमिटेड | ३२० | ३६७.२ | २२० |
| ७५ | यूनिभर्सल पावर कम्पनी लिमिटेड | ३०६.९ | ३४५ | १८३ |
| ७६ | अपि पावर कम्पनी लिमिटेड | २९७.९ | ३९० | १६२ |
| ७७ | ङादी ग्रुप पावर लिमिटेड | २९४.७ | ५७१ | २५० |
| ७८ | माउन्टेन हाइड्रो नेपाल लिमिटेड | २७८.५ | ३७९ | २१५.७ |
| ७९ | सिंगटी हाइड्रो इनर्जी लिमिटेड | २७७.३ | ३३४.४ | १४३.१ |
| ८० | ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड | २७०.१ | ३३६ | १९६ |
| ८१ | अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | २६८.१ | ३४९ | १४९ |
| ८२ | घलेम्दी हाइड्रो लिमिटेड | २६३ | २८३ | १४१ |
| ८३ | हिमालय उर्जा विकास कम्पनी लिमिटेड | २६१.९ | ३३३.९ | १८३.६ |
| ८४ | शिव श्री हाइड्रोपावर लिमिटेड | २४५.९ | २८१.१ | १५४ |
| ८५ | रिडी पावर कम्पनी लिमिटेड | २४१ | ३११ | १५४.५ |
| ८६ | अरुण काबेली पावर लिमिटेड | २४१ | ३२६ | १५७.२ |
| ८७ | नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | २२८ | २९० | १३६ |
| ८८ | लिवर्टी इनर्जी कम्पनी लिमिटेड | २२५.३ | ३४४ | १७५.१ |
| ८९ | आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड | २१७.९ | २७४.९ | १५०.९ |
| ९० | हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड | २१३ | २७३ | १२३.३ |
| ९१ | अपर तामाकोशी हाइड्रोपावर लिमिटेड | २०९.७ | २९५ | १५२.१ |

### 'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १७९९.९ | १९२६ | ७८५ |
| २ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | १३२१.७ | १३४५ | ६३०.१ |
| ३ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड | १०७३.९ | १२६४ | ६७८ |
| ४ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | १०२९.९ | १०७० | ५१२ |
| ५ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ९२४ | १२१४ | ८०० |
| ६ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | ५८३ | ६२२.१ | ३३५ |

# सूचीकृत शेयरमा सिटिजन्स सुपर ३० को लगानी बढ्यो

काठमाडौं (अस) । सिटिजन्स म्युचुअल फण्ड अन्तर्गत सञ्चालित सिटिजन्स सुपर ३० म्युचुअल फण्डले माघ मसान्तको खुद सम्पत्ति मूल्य विवरण सार्वजनिक गरेको छ ।

उक्त वित्तीय विवरणअनुसार फण्डले पुस मसान्तको तुलनामा माघ मसान्तमा सूचीकृत शेयरमा लगानी बढाएको छ। पुस मसान्तमा फण्डले सूचीकृत शेयरमा रू. ५६ करोड ५ लाख लगानी गरेकोमा माघ मसान्तमा बढेर रू. ५८ करोड ५६ लाख पुगेको छ।

फण्डले माघ मसान्तसम्ममा रू. ५ करोड ८३ लाख नाफा कमाएको छ । यो नाफा पुस मसान्तको तुलनामा ३२ प्रतिशतले वृद्धि भएको हो । पुस मसान्तमा फण्डले रू. ४ करोड ३९ लाख नाफा कमाएको थियो ।

माघमा फण्डको आम्दानीमा वृद्धि भएकाले नाफा बढ्न टेवा पुगेको हो । पुस मसान्तमा फण्डको कुल आम्दानी रू. ५ करोड १९ लाख रहेकोमा माघ मसान्तमा बढेर रू. ६ करोड ७६ लाख पुगेको छ ।

नाफासँगै फण्डको प्रतिइकाई खुद सम्पत्ति मूल्य (न्याभ) पनि पुसको तुलनामा माघमा वृद्धि भएको छ । पुस मसान्तमा फण्डको न्याभ १० रुपैयाँ ६३ पैसा रहेकोमा माघ मसान्तमा बढेर १० रुपैयाँ ८२ पैसा पुगेको छ ।

### एशियाली शेयर बजारका सूचक (अपडेट : २०२५ फेब्रुवरी २७)

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ७४,६१२.४३ | ०.०१% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २२,५४५.०५ | -०.०१% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ३८,२५६.१७ | ०.३०% |
| हङकङ स्टक एक्सचेन्ज | हाङ्सङ् | २३,७१८.२९ | -०.२९% |
| साङ्हाई स्टक एक्सचेन्ज | साङ्हाई एसई कम्पोजिट इन्डेक्स | ३,३८८.०६ | ०.२३% |

### वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६७२.३ | ७९० | ४९७.४ |
| २ | एभरेष्ट बैंक लिमिटेड | ६३२.५ | ७९० | ४८७.३ |
| ३ | नबिल बैंक लिमिटेड | ५०१.८ | ७०० | ४१९ |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ४३० | ५४९ | २६८.६ |
| ५ | एनआईसी एशिया बैंक लिमिटेड | ३९९ | ५७३ | ३४१.६ |
| ६ | सानिमा बैंक लिमिटेड | ३१७.५ | ३८२ | २२८ |
| ७ | कृषि विकास बैंक लिमिटेड | ३०३ | ४२८.४ | २२०.५ |
| ८ | सिद्धार्थ बैंक लिमिटेड | ३००.९ | ३८० | २१२.२ |
| ९ | एनएमबि बैंक लिमिटेड | २६३ | ३०० | १६२ |
| १० | नेपाल बैंक लिमिटेड | २६३ | ३३७.५ | १९५.१ |
| ११ | प्राइम कमर्सियल बैंक लिमिटेड | २६० | ३२९ | १८६ |
| १२ | हिमालयन बैंक लिमिटेड | २५० | ३१२.१ | १६७.१ |
| १३ | माछापुच्छ्रे बैंक लिमिटेड | २४०.६ | २९५ | १५७.८ |
| १४ | लक्ष्मी सन्राइज बैंक लिमिटेड | २३२.५ | ३०० | १४३.६ |
| १५ | प्रभु बैंक लिमिटेड | २३१.१ | २९७ | १३२ |
| १६ | ग्लोबल आइएमई बैंक लिमिटेड | २३० | ३०२ | १७० |
| १७ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | २२९ | २९५ | १४७.४ |
| १८ | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | २१९.७ | २९६ | १५२.५ |
| १९ | कुमारी बैंक लिमिटेड | २१९ | २७२.९ | १२९.६ |

### विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | १९४९ | २८४२.३ | ३९३.९ |
| २ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १६११.८ | १६२० | ३९२ |
| ३ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १३३० | २००१.४ | ३४०.१ |
| ४ | सिन्धु विकास बैंक लिमिटेड | ११५४.९ | १३४९.६ | ३०० |
| ५ | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | ११३७ | १६२२.७ | २४२.१ |
| ६ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ७३५.३ | ८३८.२ | ३३४.५ |
| ७ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ७१४ | ८४३.५ | ३७५ |
| ८ | लुम्बिनी विकास बैंक लिमिटेड | ४५९.९ | ५६० | ३६१ |
| ९ | कामना सेवा विकास बैंक लिमिटेड | ४५५ | ५६४.८ | ३३० |
| १० | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | ४३६ | ६२५ | ३५३ |
| ११ | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ४२०.१ | ४९७ | २८५ |
| १२ | गरिमा विकास बैंक लिमिटेड | ४०४ | ५३१.४ | ३५० |
| १३ | महालक्ष्मी विकास बैंक लिमिटेड | ४०० | ४९८ | ३०८ |
| १४ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ३७६ | ४८२ | ३३२.४ |
| १५ | ज्योति विकास बैंक लिमिटेड | ३६०.२ | ४४५ | २७५ |

### उत्पादन तथा प्रशोधन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | युनिलिभर नेपाल लिमिटेड | ४६५०० | ५६८०५.८ | ३८४०० |
| २ | बोटलर्स नेपाल (बालाजु) लिमिटेड | १९४०० | २३७६५.६ | १४९०० |
| ३ | बोटलर्स नेपाल (तराई) लिमिटेड | १३७०० | १८१०० | १२२०८.१ |
| ४ | हिमालयन डिष्टिलरी लिमिटेड | १२०९ | १७४९ | ११३६ |
| ५ | सर्वोत्तम सिमेन्ट लिमिटेड | ८८९.९ | १०८३ | ५५६ |
| ६ | घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड | ५७७.५ | ६६८ | ४६० |
| ७ | शिवम् सिमेन्ट्स लिमिटेड | ५५३ | ७७९.९ | ४६२ |
| ८ | सोनापुर मिनरल्स् एण्ड आयल लि. | ५२३.७ | ६२४ | ४२२.१ |

# नेपाल माइक्रो इन्स्योरेन्सको आईपीओमा मागभन्दा १३ दशमलव २७ गुणा बढी आवेदन

| आईपीओ अपडेट (सर्वसाधारण) | |
|---|---|
| **कम्पनी** | **नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि.** |
| दिन | २०८१ फागुन १५ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | १८ लाख ४५ हजार |
| आवेदक संख्या | १९ लाख ९७७ |
| आवेदन परेको कित्ता | २ करोड ४४ लाख ८३ हजार २२० |
| आवेदन परेको रकम | २ अर्ब ४४ करोड ८३ लाख २२ हजार |
| निष्कासनको तुलनामा माग | १३.२७ गुणा |
| निष्कासन बन्द भएको मिति | २०८१ फागुन १५ गते |
| विक्री प्रबन्धक | एनआइएमबि एस क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

काठमाडौं (अस) । नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडले फागुन ११ गतेदेखि निष्कासन गरेको आईपीओमा अन्तिम दिन बिहीवारसम्ममा मागभन्दा १३ दशमलव २७ गुणा बढी आवेदन परेको छ । सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडका अनुसार बिहीवार बेलुकासम्ममा १९ लाख ९७७ जना आवेदकले रू. २ अर्ब ४४ करोड ८३ लाख २२ हजार बराबरको आवेदन दिएका हुन् । कम्पनीले फागुन ११ गते देखि फागुन १५ गतेसम्म १८ लाख ४५ हजार कित्ता साधारण शेयर सर्वसाधारणमा निष्कासन गरेको हो ।

### जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | १३२१ | २४७५ | १०७० |
| २ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | १०३८.४ | १०३८.४ | ३०१ |
| ३ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७७९.४ | ८२५ | ५२३ |
| ४ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७६५ | १०६० | ५६६ |
| ५ | सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ७२५ | ७४४.५ | ४४७.२ |
| ६ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७२१.५ | ७७४.९ | ४१८.५ |
| ७ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि. | ६२०.५ | ७७६.१ | ५२१.३ |
| ८ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लि. | ५८७.९ | ७३२.२ | ४७३ |
| ९ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि. | ५६७ | ६००.१ | ४१० |
| १० | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लि. | ५०४.१ | ६०६ | ४१२.५ |
| ११ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. | ४६९ | ६४४ | ३९५.१ |
| १२ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि. | ४४६.८ | ६५४ | ४१२.१ |
| १३ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ४३१ | ६०७ | ३६४.१ |

### निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १५१५०.१ | २२४९३.९ | १२८०० |
| २ | प्रभु इन्स्योरेन्स लिमिटेड | ९९७ | १११३ | ७०५ |
| ३ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ९८५ | ११६२ | ८०० |
| ४ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ९४९ | १३८२ | ७२६ |
| ५ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | ८७४ | १०७६ | ७०६ |
| ६ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | ७८४.९ | ११२० | ६६९.४ |
| ७ | नेको इन्सुरेन्स लिमिटेड | ७८३.२ | १०५० | ७५० |
| ८ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स क. लि. | ७४० | ९२६ | ६०२ |
| ९ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | ७०३.९ | ८१७.१ | ४८८ |
| १० | यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | ७०३ | ८३७.३ | ५१४ |
| ११ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | ६४८.५ | ८१० | ५३७.१ |
| १२ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. | ६३२.१ | ७६० | ५०७ |

### होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कालिञ्चोक दर्शन लिमिटेड | १२३०.१ | १३८१ | ७५२.१ |
| २ | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड | १११६.३ | १५३८ | ६९५.१ |
| ३ | ओरियण्टल होटल्स लिमिटेड | ९८५ | १२०५ | ७०४ |
| ४ | चन्द्रागिरि हिल्स लिमिटेड | ९३१ | १३६० | ७६० |
| ५ | सिटि होटल लिमिटेड | ९१८.९ | ११६८.५ | ५५९ |
| ६ | सोल्टी होटल लिमिटेड | ४९७ | ६३६.५ | ४१६.५ |

### लगानी कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | सिईडिबि होल्डिङ्ग्स लिमिटेड | २३३७ | २४२० | ६२७ |
| २ | नागरिक लगानी कोष | १९९५.९ | २७०० | १८८७ |
| ३ | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | १५५४.८ | १५८० | ४७८.३ |
| ४ | हाथवे इन्भेष्टमेण्ट नेपाल लि. | १५२५ | १८१६ | ८०८.५ |
| ५ | इमर्जिङ्ग नेपाल लिमिटेड | १३७६ | १४५३.५ | ७२८ |
| ६ | हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड | २९९ | ३६० | १५८.१ |
| ७ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | २९६ | ३६६.६ | १८८.१ |

### नेपाल धितोपत्र बोर्डमा पाइपलाईनमा रहेका ऋणपत्र

| क्र.सं. | ऋणपत्रको नाम | ब्याज (प्रतिशत) | अवधि (वर्ष) | निष्कासन हुने कित्ता | सर्वसाधारणमा निष्कासन (कित्ता) | प्राइभेट प्लेसमेन्ट (कित्ता) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८% प्राइम डिबेन्चर २०९१ | ८.०० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २ |
| २ | ६% निफ्रा उर्जा डिबेन्चर २०८८/८९ | ६.०० | ७ | ५,०००,००० | २,०००,००० | ३,०००,००० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ कात्तिक १४ |
| ३ | ७.२५% एसबिएल डिबेन्चर २०९१ | ७.२५ | १० | २,५००,००० | १,०००,००० | १,५००,००० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ फागुन ११ |
| ४ | ८% नबिल डिबेन्चर २०८९ | ८.०० | ८ | ३,०००,००० | १,२००,००० | १,८००,००० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ असार १४ |
| ५ | ८% एनआईसी एशिया डिबेन्चर २०९१ | ८.०० | १० | ५,०००,००० | २,०००,००० | ३,०००,००० | प्रभु क्यापिटल लिमिटेड | २०८१ असोज ७ |
| ६ | ८% शाइन रेसुङ्गा डिबेन्चर | ८.०० | १० | १,०००,००० | ४००,००० | ६००,००० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज १४ |
| ७ | ८.५% सिटिजन्स बैंक डिबेन्चर २०९० | ८.५० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | हिमालयन क्यापिटल लिमिटेड | २०८० माघ १२ |
| ८ | ७% नेपाल एसबिआई बैंक डिबेन्चर २०९० | ७.०० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ ०२ |
| ९ | ८% आरबिबिएल डिबेन्चर २०८७ | ८.०० | ७ | २,५००,००० | १,०००,००० | १,५००,००० | सानिमा क्यापिटल लिमिटेड | २०७९ भदौ १४ |

# मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाको सकारात्मक प्रभाव शेयर बजारमा

अभियान संवाददाता

काठमाडौं

साताको अन्तिम कारोबार दिन बिहीवार नेप्से परिसूचकसँगै कारोबार रकममा पनि वृद्धि भएको छ । यस दिन नेप्से परिसूचक १ दशमलव ७७ प्रतिशत बढेर २ हजार ८१५ दशमलव ०४ विन्दुमा पुगेको हो । यससँगै नेप्से लगातार आठ कारोबार दिन बढेको हो ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाको सकारात्मक प्रभाव शेयर बजारमा परेको हो । राष्ट्र बैंकले बैंकहरूले कर्जा नोक्सानी बापत छुट्ट्याउनु पर्ने रकम घटाउनुका साथै लघुवित्तको आधार दरअनुसार कर्जा दर तय गर्न पाउने व्यवस्था गरेको छ । जसको सकारात्मक प्रभावले यस दिन बैंकिङ्ग समूहको सूचक सबैभन्दा बढी ३ दशमलव ३२ प्रतिशत वृद्धि भएको छ । बिहीवार कारोबारमा आएका १३ ओटै समूहगत सूचक बढेका छन् ।

बजार बढ्दा कारोबार समेत वृद्धि भएको छ । अघिल्लो कारोबार दिन रू. ९ अर्ब ९० करोड बराबरको कारोबार भएकोमा बिहीवार रू. ११ अर्ब ३९ करोडभन्दा बढीको कारोबार भएको हो ।

कारोबारमा आएका धितोपत्रमध्ये दुई धितोपत्रको मूल्य १० प्रतिशतका दरले वृद्धि भएको छ । गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स र अपर हेवाखोला हाइड्रोपावरको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशतका दरले वृद्धि भएको हो । गार्डियन माइक्रो लाइफको शेयर मूल्य रू. १ हजार ३८ दशमलव ४० र अपर हेवाखोला हाइड्रोपावरको रू. ९९३ दशमलव ३० पुगेको छ ।

बिहीवार सबैभन्दा बढी भूगोल इनर्जी डेभलपमेन्ट कम्पनीका शेयरधनीले गुमाएका छन् । यस कम्पनीको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा ७ दशमलव १७ प्रतिशत घटेको छ । कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. ७९० मा झरेको छ । शेयर मूल्य सर्वाधिक घट्ने सूचीको दोस्रोमा उपकार लघुवित्त वित्तीय संस्था छ । कम्पनीको शेयर मूल्य ६ दशमलव २५ प्रतिशत घटेर रू. ४ हजार ७६० कायम भएको छ ।

सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा हिमालयन रिइन्स्योरेन्स कम्पनीले ओगटेको छ। यस कम्पनीको रू. ९६ करोड ४७ लाख बराबरको शेयर कारोबार भएको हो। सर्वाधिक शेयर खरीदविक्री हुने दोस्रोमा नेपाल पुनर्बीमा कम्पनी छ। कम्पनीको रू. ७६ करोड ४२ लाख बराबरको शेयर कारोबार भएको छ।

**बजार पूँजीकरण बढ्यो**

बिहीवार बजार पूँजीकरण रू. ८२ अर्ब ६६ करोडले बढ्दै रू. ४६ खर्ब ७४ अर्ब २४ करोड कायम भएको छ। अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४५ खर्ब ९१ अर्ब ५७ करोड थियो।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बिहीवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ३२ दशमलव ८५ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ३ अर्ब ७४ करोड १५ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा 'अन्य' समूह रहेको छ । उक्त समूहको रू. १ अर्ब ८४ करोड ९५ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

बिहीवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. १ अर्ब ५२ करोड २२ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ७८ करोड ८० लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ७३ करोड ४१ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ३४ रहेको छ । जसबाट बिहीवारको बजारमा रू. ८० करोड ४० लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | १,०३८.४० | १०.०० | भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ७९०.०० | -७.१७ |
| अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ९९३.३० | १०.०० | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ४,७६०.०० | -६.२५ |
| सिन्धु विकास बैंक लिमिटेड | १,१५४.९० | ९.९९ | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ५०४.१० | -४.१६ |
| दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड | ३८४.४० | ९.९९ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १,३३०.०० | -३.६९ |
| लिवर्टी इनर्जी कम्पनी लिमिटेड | २२५.३० | ९.९६ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड | ५३२.०० | -३.४५ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ९६.४७ | १,०२९.९० |
| नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ७६.४२ | १,३२१.७० |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | ४६.७९ | १,५५४.८० |
| सिंगटी हाइड्रो इनर्जी लिमिटेड | २४.२६ | २७७.३० |
| कुमारी बैंक लिमिटेड | २०.३७ | २१९.०० |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | बैंकिङ्ग | १,४३१.३४ | ३.३२ |
| २ | उत्पादन तथा प्रशोधन | ७,४६४.७१ | २.९१ |
| ३ | जलविद्युत् | ३,८१८.९३ | १.८० |
| ४ | विकास बैंक | ५,७३१.०७ | १.५३ |
| ५ | लगानी | ११४.५९ | १.२५ |
| ६ | व्यापार | ४,२९३.४७ | १.२० |
| ७ | होटल तथा पर्यटन | ६,७९०.२७ | १.१२ |
| ८ | अन्य | २,४७४.८७ | १.०१ |
| ९ | लघुवित्त | ५,२७३.९७ | ०.९१ |
| १० | म्युचुअल फण्ड | २०.२५ | ०.८८ |
| ११ | जीवन बीमा | १३,९५७.०१ | ०.८१ |
| १२ | निर्जीवन बीमा | १२,९५४.१८ | ०.७० |
| १३ | वित्त | २,८०२.२७ | ०.२८ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ३७४.१५ | ३२.८५ |
| २ | अन्य | १८४.९५ | १६.२४ |
| ३ | बैंकिङ्ग | ११८.७७ | १०.४३ |
| ४ | लगानी | ११२.०१ | ९.८३ |
| ५ | विकास बैंक | ७४.१८ | ६.५१ |
| ६ | जीवन बीमा | ६२.२१ | ५.४६ |
| ७ | लघुवित्त | ५९.८८ | ५.२६ |
| ८ | वित्त | ४६.१२ | ४.०५ |
| ९ | उत्पादन तथा प्रशोधन | ४३.०९ | ३.७८ |
| १० | निर्जीवन बीमा | ३३.९१ | २.९८ |
| ११ | होटल तथा पर्यटन | १२.९६ | १.१४ |
| १२ | संस्थापक शेयर | १२.३८ | १.०९ |
| १३ | म्युचुअल फण्ड | २.८२ | ०.२५ |
| १४ | व्यापार | १.३५ | ०.१२ |
| १५ | ऋणपत्र | ०.२० | ०.०२ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ७३.४१ | ७८.८० | १५२.२२ |
| ३४ | ४४.२० | ३६.२० | ८०.४० |
| २८ | ४५.८८ | ३३.३७ | ७९.२६ |
| ४५ | ३५.३३ | ३७.९७ | ७३.३१ |
| ४२ | ३५.७१ | ३७.४४ | ७३.१६ |

# जीवन बीमा कम्पनीहरूको व्यवसाय ९ दशमलव ७९ प्रतिशत बढ्यो

| कम्पनीको नाम | माघ मसान्तसम्मको कुल बीमा शुल्क रू. लाखमा | | घटबढ प्रतिशत |
|---|---|---|---|
| | चालू आव | गत आव | |
| नेपाल लाइफ | २६०,०५४.४८ | २३२,०७४.२६ | १२.०६ |
| नेशनल लाइफ | ११२,३६५.४३ | १००,५२७.९३ | ११.७८ |
| लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) | १११,७०९.८९ | १०१,४६९.१३ | १०.०९ |
| हिमालयन लाइफ | ९९,०००.९५ | ९९,१३४.८४ | -०.१४ |
| सूर्यज्योति लाइफ | ५९,५२२.३२ | ५०,३२२.८२ | १८.२८ |
| एशियन लाइफ | ५०,७८७.८३ | ४४,३५९.९१ | १४.४९ |
| सिटिजन लाइफ | ३९,८४७.५० | ३२,६६२.५२ | २२.०० |
| राष्ट्रिय जीवन बीमा कम्पनी | ३९,२५८.१२ | ४९,८१९.९७ | -२१.२० |
| सानिमा रिलायन्स लाइफ | ३८,०९६.९० | ३३,८२६.२७ | १२.६३ |
| मेट लाइफ | ३३,७५२.७९ | ३१,४२५.९८ | ७.४० |
| आईएमई लाइफ | २९,०८२.९१ | २५,०१९.२८ | १६.२४ |
| प्रभु महालक्ष्मी लाइफ | २८,५८९.४९ | २३,८५२.१५ | १९.८६ |
| रिलायबल नेपाल लाइफ | २७,९२५.५२ | २३,०९९.०५ | २०.८९ |
| सन नेपाल लाइफ | २३,८७२.४९ | २१,२१४.३४ | १२.५३ |
| कुल | ९५३,८६६.६२ | ८६८,८०८.४५ | ९.७९ |

**स्रोत : नेपाल बीमा प्राधिकरण**

काठमाडौं (अस) । चालू आर्थिक वर्ष (आव) २०८१/८२ को माघ महीनासम्ममा १४ जीवन बीमा कम्पनीहरूले कुल रू. ९५ अर्ब ३८ करोड ६६ लाख कुल बीमा शुल्क संकलन गरेका छन् । यो बीमा शुल्क गत आवको तुलनामा ९ दशमलव ७९ प्रतिशत बढी हो । सो अवधिमा कम्पनीहरूले रू. ८६ अर्ब ८८ करोड बीमा शुल्क आर्जन गरेका थिए ।

१४ कम्पनीहरूमध्ये दुई कम्पनीको बीमा शुल्क गत आवको तुलनामा चालू आवमा घटेको छ भने बाँकी सबैको बढेको हो । हिमालयन लाइफ र राष्ट्रिय जीवन बीमा कम्पनीको बीमा शुल्क गत आवको तुलनामा चालू आवमा घटेको हो ।

त्यस्तै, यस अवधिमा सबैभन्दा बढी नेपाल लाइफ इन्स्योरेन्सले रू. २६ अर्बभन्दा बढी बीमा शुल्क आर्जन गरेको छ । यो बीमा शुल्क गत आवको तुलनामा १२ प्रतिशत बढी हो । सो अवधिमा कम्पनीले रू. २३ अर्ब २० करोड बीमा शुल्क आर्जन गरेको थियो ।

दोस्रोमा नेशनल लाइफ इन्स्योरेन्सले रू. ११ अर्ब २३ करोडभन्दा बढी बीमा शुल्क आर्जन गरेको छ ।

# एनएमबि सरल बचत फण्ड-इ को नाफा बढ्यो

काठमाडौं (अस) । एनएमबि म्युचुअल फण्ड अन्तर्गत सञ्चालित एनएमबि सरल बचत फण्ड-इ ले माघ मसान्तको खुद सम्पत्ति मूल्य विवरण सार्वजनिक गरेको छ ।

उक्त वित्तीय विवरणअनुसार फण्डले माघ मसान्तमा रू. १० करोड ३१ लाख नाफा कमाएको छ । यो नाफा पुस मसान्तमा रू. ९ करोड ९७ लाख थियो ।

पुसको तुलनामा माघ महीनामा फण्डको आम्दानीमा वृद्धि भएकाले नाफा बढ्न टेवा पुगेको हो । पुस मसान्तमा फण्डको कुल आम्दानी रू. १२ करोड ५३ लाख रहेकोमा माघ मसान्तमा बढेर रू. १३ करोड ३२ लाख पुगेको छ ।

नाफासँगै फण्डको प्रतिइकाई खुद सम्पत्ति मूल्य (न्याभ) पनि पुसको तुलनामा माघमा वृद्धि भएको छ । पुस मसान्तमा फण्डको न्याभ १० रुपैयाँ ३६ पैसा रहेकोमा माघ मसान्तमा बढेर १० रुपैयाँ ३७ पैसा पुगेको छ ।

त्यस्तै, फण्डले माघ मसान्तमा सूचीकृत शेयरमा रू. २ अर्ब ३६ करोडभन्दा बढी लगानी गरेको छ । यो लगानी पुस मसान्तमा रू. २ अर्ब २५ करोड थियो ।

# एनएमबि फिफ्टीको न्याभ बढ्यो

काठमाडौं (अस) । एनएमबि म्युचुअल फण्ड अन्तर्गत सञ्चालित एनएमबि फिफ्टीले माघ मसान्तको खुद सम्पत्ति मूल्य विवरण सार्वजनिक गरेको छ ।

उक्त वित्तीय विवरणअनुसार फण्डको प्रतिइकाई खुद सम्पत्ति मूल्य (न्याभ) पुसको तुलनामा माघमा वृद्धि भएको छ । पुस मसान्तमा फण्डको न्याभ ११ रुपैयाँ १८ पैसा रहेकोमा माघ मसान्तमा बढेर ११ रुपैयाँ ४१ पैसा पुगेको छ ।

त्यसैगरी, फण्डले माघ मसान्तमा रू. १४ करोड ९७ लाख नाफा कमाएको छ । यो नाफा पुस मसान्तमा रू. १२ करोड १२ लाख थियो । माघ महीनामा फण्डको आम्दानीमा वृद्धि भएकाले नाफा बढ्न टेवा पुगेको हो । पुस मसान्तमा फण्डको कुल आम्दानी रू. १३ करोड ५४ लाख रहेकोमा माघ मसान्तमा बढेर रू. १६ करोड ६३ लाख पुगेको छ ।

फण्डले सूचीकृत शेयरमा लगानी बढाएको छ । पुस मसान्तमा फण्डले सूचीकृत शेयरमा रू. १ अर्ब ८ करोड लगानी गरेकोमा माघ मसान्तमा बढाएर रू. १ अर्ब ११ करोडभन्दा बढी पुऱ्याएको छ ।

# लाभांश प्रस्ताव सहित साल्ट ट्रेडिङ्ग कर्पोरेशनले बोलायो साधारणसभा

काठमाडौं (अस) । प्रस्तावित लाभांश सहित अन्य विविध प्रस्ताव पारितका लागि साल्ट ट्रेडिङ्ग कर्पोरेशनले चैत १५ गते त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौंमा बिहान ११ बजे सभा गर्ने तयारी गरेको छ ।

कम्पनीको सञ्चालक समितिको बैठकले गत आर्थिक वर्ष (आव) २०८०/८१ को मुनाफाबाट १० प्रतिशत नगद लाभांश (कर समेत) वितरण गर्ने प्रस्ताव गरेको हो ।

कम्पनीले ऋण सुविधा लिने कार्यलाई पनि छलफल गरी पारित गर्नेछ। प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा बाढीपीडितको लागि जम्मा गरेको राहत रकमलाई पनि सभाले अनुमोदन गर्नेछ ।

साथै गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय पनि सभाले टुंग्याउनेछ। साधारणसभा प्रयोजनका लागि कम्पनीले चैत १ गतेदेखि १५ गतेसम्म बुक क्लोज गर्ने तयारी गरेको जानकारी दिएको छ । बुक क्लोजको अघिल्लो कारोबार दिनसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन र लाभांश प्राप्त गर्न सक्नेछन् ।

# लाभांश प्रस्ताव सहित युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावरले बोलायो साधारणसभा

काठमाडौं (अस) । युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेडले चैत ११ गते १५औं वार्षिक साधारणसभा बोलाएको छ ।

फागुन १३ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले आभ्या क्लब, घारीपाटन, पोखरामा बिहान ११ बजे सभा गर्ने निर्णय गरेको हो । सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय पनि टुंग्याउनेछ ।

गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा ४ प्रतिशत बोनस शेयर र शून्य दशमलव २१ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पनि सभाका लागि तय भएको छ । बोनस शेयरपछि कायम चुक्तापूँजीको आधारमा शतप्रतिशत हकप्रद शेयर निष्कासनको प्रस्ताव पनि कम्पनीले गरेको छ । हकप्रद शेयर निष्कासनका लागि आवश्यक कामको जिम्मेवारी सञ्चालक समितिलाई दिने निर्णय पनि सभाले गर्नेछ ।

साधारणसभा प्रयोजनका लागि कम्पनीले फागुन २३ गते एक दिन बुक क्लोज गर्न लागेको छ । बुक क्लोजको आधारमा फागुन २२ गतेसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन र लाभांश प्राप्त गर्न सक्नेछन् ।

## नबिल बैंक लिमिटेड, पोखरा शाखा, कास्कीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति : २०८१/११/१६)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा ऋणी कम्पनीहरुले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/१०/०३ को आर्थिक अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुले को दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **पोखरा शाखा, कास्की**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

**१**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६७/११/०५ मा दर्ता.नं. ८०६८७/०६७/०६८ अन्तर्गत दर्ता भएको **जानकी एग्रो प्रोडक्ट प्रा.लि. ।**
ठेगानाः कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८, नयाँ बजार ।

**कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. हरिकृष्ण तिमिल्सीनाको नाति, चेतनाथ तिमिल्सीनाको छोरा मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३८०६ (जारी मितिः २०४०-११-२९, स्थान मकवानपुर) भएको **केवल प्रसाद तिमिल्सीना ।**
२. चेतनाथ तिमिल्सीनाको नाति, केवल प्रसाद तिमिल्सीनाको छोरा मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. १२/०७५ (जारी मितिः २०५३/०१/२७, स्थान मकवानपुर) भएको **दिपक तिमिल्सीना ।**
३. विश्व प्रेम अधिकारीकी छोरी केवल प्रसादकी बुहारी, दिपक तिमिल्सीनाकी श्रीमती, मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३११००९/४९३०० (जारी मितिः २०६५-०१-०४, स्थान मकवानपुर) भएकी **जानकी तिमिल्सीना ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**

१. मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने **केवल प्रसाद तिमिल्सीना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला घोप्टे आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०७ नक्सा सिट नं ७ मा अवस्थित कि.नं. क्रमशः ४४९, ४५०, ६३६ र ११४६ क्षेत्रफल क्रमशः ०-१०-२-२, ५-१४-१-०, १०-१५-३-० र ३-८-१-३ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने **दिपक तिमिल्सीना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. ११ नक्सा सिट नं ११ मा अवस्थित कि.नं. ६७२३ र ७२०९ क्षेत्रफल ०-१-०-० र ०-०-१०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने **दिपक तिमिल्सीना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. ०२ नक्सा सिट नं २ मा अवस्थित कि.नं. १४९५ र ३७१३ क्षेत्रफल ०-०-५-० र ०-०-५-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**२**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/१२/१३ मा दर्ता.नं. २११७३०/०७५/०७६ अन्तर्गत दर्ता भएको **डि.जानकी एग्रो फार्म प्रा.लि. ।**
ठेगानाः कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. १४, चाउथे ।

**कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. विश्व प्रेम अधिकारीकी छोरी केवल प्रसादकी बुहारी, दिपक तिमिल्सीनाकी श्रीमती, मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३११००९/४९३०० (जारी मितिः २०६५-०१-०४, स्थान मकवानपुर ) भएकी **जानकी तिमिल्सीना ।**
२. चेतनाथ तिमिल्सीनाको नाति, केवल प्रसाद तिमिल्सीनाको छोरा मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. १२/०७५ (जारी मितिः २०५३/०१/२७, स्थान मकवानपुर ) भएको **दिपक तिमिल्सीना ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**

१. मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने **दिपक तिमिल्सीना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ नक्सा सिट नं ०९३०९५९०३ मा अवस्थित कि.नं. ४० क्षेत्रफल २२० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने **दिपक तिमिल्सीना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. १० नक्सा सिट नं ०९४०९६१०५ मा अवस्थित कि.नं. ९२ क्षेत्रफल २३१.१० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**३**

**ऋणीको नाम र ठेगानाको विवरण**

विश्व प्रेम अधिकारीकी छोरी केवल प्रसादकी बुहारी, दिपक तिमिल्सीनाकी श्रीमती, मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३११०० ९/४९३०० (जारी मितिः २०६५-०१-०४, स्थान मकवानपुर) भएकी जानकी तिमिल्सीना ।

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. चेतनाथ तिमिल्सीनाको नाति, केवल प्रसाद तिमिल्सीनाको छोरा मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. १२/०७५ (जारी मितिः २०५३/०१/२७, स्थान मकवानपुर) भएको **दिपक तिमिल्सीना ।**
२. केवल प्रसाद तिमिल्सीनाको नाति, दिपक तिमिल्सीनाको छोरा मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३१-०१-७२-०४६९३ (जारी मितिः २०७२-०६-२८, स्थान मकवानपुर) भएको **प्रदिप तिमिल्सीना ।**

**डि.जानकी एग्रो फार्म प्रा.लि. र जानकी तिमिल्सीनाको लागी संयुक्त धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**


मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने **जानकी तिमिल्सीना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ नक्सा सिट नं ०९३०९२०१७ मा अवस्थित कि.नं. २३ क्षेत्रफल ३४०.१० वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **पोखरा शाखा, कास्की**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/१२/०१ गते ५:०० बजे भित्र यस बैंकको **पोखरा शाखा, कास्की**मा बुझाई सक्नु पर्ने छ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/१२/०३ गते ३:०० बजे बैंकको केन्द्रीय कार्यालय, **पोखरा शाखा, कास्की**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुले को दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुनकुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण र कम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफतगर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **पोखरा शाखा, कास्की**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
शुक्रवार, १६ फागुन २०८१ | Friday, 28 February 2025
आर्थिक अभियान



*तस्वीर : एएफपी/रासस*

**एपीटीभीको बुधवारको भिडियो फुटेजबाट लिइएको हवाई तस्वीरमा भारतको प्रयागराजस्थित पुराणमा बर्णित गंगा, यमुना र सरस्वतीको संगममा ४२ दिनसम्म चलेको महाकुम्भ मेलाको अन्तिम दिन देखिएको भक्तजनको भीड । हरेक १४४ वर्षपछि आउने महाकुम्भका अवसरमा ६६ करोड ३० लाखभन्दा बढी मानिसले संगममा नुहाएको भारतीय सञ्चारमाध्यमहरूले बताएका छन् । उत्तर प्रदेश सरकारका अनुसार महाकुम्भको अन्तिम दिन बुधवार मात्रै १ करोड ५३ लाख मानिसले नुहाएका थिए ।**

### अरनिको राजमार्ग

# धुलिखेल-खावा सडकखण्डको ठेक्का रद्द

काठमाडौं । सडक डिभिजन कार्यालय भक्तपुरले अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित निर्माणाधीन धुलिखेल-खावा सडकखण्डको ठेक्का रद्द गरेको छ । बिहीवार कार्यालयले सार्वजनिक सूचनामार्फत विस्तारका क्रममा रहेको उक्त चार किलोमिटर दूरीको सडकको ठेक्का रद्द भएको जानकारी गराएको हो । कार्यालयको बैठकले उक्त सडकको ठेक्का रद्द गर्ने निर्णय गरेको थियो ।

जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको सडक विस्तारको गौरी पार्वती निर्माण सेवा प्रालि नामक कम्पनीले २०७९ जेठ २० मा २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी २० करोड १९ लाख ४६ हजार ५०१ मा ठेक्का लिएको थियो । ठेकेदार कम्पनीले निर्माणमा आलटाल गर्दै आएका कारण समयसीमा सकिएको ११ महीना बितिसक्दा पनि निर्माण सकेको थिएन । पछिल्लो वर्षदेखि उक्त सडकखण्डको निर्माण ठप्पप्रायः नै थियो । सडक उपभोक्ताले पटकपटक गुनासो गरेपछि तथा यात्रुले सास्ती बेहोरेपछि संसद्को पूर्वाधार समितिले समेत अनुगमन गरेको थियो । सडक डिभिजनको ताकेतापछि पनि ठेकेदार कम्पनीले निर्माणमा आलटाल गरेपछि पछिल्लोपटक गत १९ माघमा पुनः स्पष्टीकरण सोधिएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार कम्पनीले लिखित स्पष्टीकरण दिए पनि सन्तोषजक, भरपर्दो र विश्वसनीय नदेखिएपछि ठेक्का रद्द गर्ने निष्कर्षमा पुगिएको हो ।

'अब प्रक्रिया पुऱ्याएर पुनः एक दुई हप्तामै पुनः ठेक्का खोल्नेछौं, भौतिक एवं वित्तीय प्रतिशतका आधारमा हेरफेरसमेत हुनेछ,' कार्यालयका प्रमुख सुमन योगेशले भने । उनका अनुसार हालसम्म २५ प्रतिशत वित्तीय प्रगति भएको छ ।

हालसम्म धुलिखेल बसपार्कदेखि जिपलाइनसम्म डाँडा कटिङको काम मात्रै भएको छ भने केही स्थानमा नाली तथा ड्रेन-वाल लगाउने काम गरिएको छ । जिपलाइनदेखि तल खावासम्मको सडक भत्काइएको मात्र छ । एक किलोमिटर भागमा कटिङ नै बाँकी रहेको छ । गत जेठमा धुलिखेलतर्फबाट बेस, सब-बेस हाल्ने काम शुरू गरिए पनि वर्षामा सबै बगाएको थियो । समयमै निर्माण सम्पन्न नहुँदा यस राजमार्ग भएर गुड्ने सवारीसाधनका यात्रुले दुई वर्षदेखि निकै सास्ती खेप्दै आउनुपरेको छ । सडक निर्माणको काम समयमा नसकिँदा पुनर्निर्माणका लागि भत्काइएको सडकमा सयौं दुर्घटना हुँदा यात्री घाइते भएका छन् । केही वर्षदेखि जीर्ण बन्दै आएको धुलिखेल-खावा सडकखण्ड १२ मिटरको फराकिलो बनाएर कालोपत्र गर्न लागिएको थियो । *रासस*

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

## राजस्व परामर्श समिति, २०८१ को

## सूचना

**प्रकाशन मितिः २०८१/११/१६**

आगामी आर्थिक वर्ष २०८२/८३ को आर्थिक ऐन तर्जुमा गर्दा अवलम्बन गर्नुपर्ने राजस्व नीतिका साथै भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, गैरकर एवं राजस्व चुहावट नियन्त्रण लगायत समग्र राजस्व प्रशासनमा गर्नुपर्ने सुधारका विषयमा मिति २०८१ चैत्र ३१ गतेसम्ममा सुझाब उपलब्ध गराईदिनुहुन निजी क्षेत्र, सरकारी निकाय एवं सरोकार राख्ने सबैमा राजस्व परामर्श समिति हार्दिक अनुरोध गर्दछ ।

**सुझावहरु निम्न ठेगानामा पठाउन सकिनेछः-**

(१) राजस्व परामर्श उपसमिति, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
e-mail: rmd@mof.gov.np

(२) विषयगत सुझाव निम्न उपसमितिहरुमा पठाउन सकिनेछः-

**(क) आन्तरिक राजस्व उपसमितिः**
आन्तरिक राजस्व विभाग, लाजिम्पाट e-mail: policyird@ird.gov.np वा dgpa@ird.gov.np

**(ख) भन्सार उपसमितिः**
भन्सार विभाग, त्रिपुरेश्वर, e-mail: tariff@customs.gov.np वा dg@customs.gov.np

**(ग) उद्योग, वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उपसमितिः**
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, email: ipdivision@moics.gov.np वा info@moiecs.gov.np

**(घ) राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान उपसमितिः**
आर्थिक नीति विश्लेषण महाशाखा, अर्थ मन्त्रालय सिंहदरबार,
email: epad@mof.gov.np

**(ङ) कृषि, उर्जा तथा पर्यटन क्षेत्र उपसमितिः**
योजना, अनुगमन तथा मुल्याङ्कन महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार,
e-mail: moev@mof.gov.np

**(च) बैंक, वित्तीय सस्था, वीमा, सहकारी तथा पूँजी बजार उपसमितिः**
वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार,
email: fsmd@mof.gov.np

**(छ) गैरकर तथा अन्तर सरकारी राजस्व व्यवस्थापन उपसमितिः**
वित्तीय संघीयता समन्वय महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार,
email: ffcd@mof.gov.np

(३) **अर्थ मन्त्रालय अन्तर्गतका सम्बन्धित विभाग तथा कार्यालयहरुः**

## रक्तदान गरौं ।

- हाम्रो थोरै रगतले पधन अरुको ज्यान जोधगान सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्छ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगत अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान महादान र जीवन दान हो ।

**आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## तीतोमीठो

# मन्दीआइन्



मदन लम्साल

शीर्षकले नभुक्किनुहोला है । यो बीपीले लेखेको 'मोदी आइन'को कुरा होइन । बजार र मन्दीको कुरा गर्न खोजेको हो । यो ठन्डीको मौसममा मन्डी ओढेर बस्न छाडेर कता मन्दीका कुरा गरेको भन्नुहोला । मान्छेहरू चन्डी छाडेर मन्दीका कुरा गर्न थालेपछि मैले पनि दुई चार कुरा त थप्नै पऱ्यो नि ।

हैन यो मन्दी भन्ने के रहेछ हँ ?

उत्तर सरल छ । मन्द मन्द गतिमा आउने भएकोले मन्दी । अनि आइसकेपछि सबैलाई मन्द गराउने हुनाले पनि मन्दी । कोही कोहीलाई मन्दीले स्तब्ध बनाउँछ, कसैलाई मस्त गराउँछ । कसैलाई त चुस्त र दुरुस्त पनि पार्छ । मन्द मन्द चाल भनेर कति कविले आफ्ना कलम चलाए, कतिले स्वरका जादू छोडे । तर मन्दमा इकार जोडेपछि गजबको स्त्रीलिंगी शब्द पो बन्छ । अनि यसको न चाल बुझिन्छ न ताल । साँच्चै नै बहुरूपी छ यो ।

भन्छन् कि मन्दी आउँदै छ, तपाईंले पनि सुन्नुभो होला । यो मन्दी वास्तवमा आइरहेको चैं कहाँबाट छ हँ ?

'कहाँबाट आइरहेको छ, त्यो त थाहा छैन । त्यो जहाँ छ, त्यहीँबाट आइरहेको होला । जस्तो दिदी, बहिनी र छोरीहरू माइतबाट आउँछन् । मन्दी बाजा बजाएर आउने त होइन, तर मानिसले आउन बाध्य पार्छन् । जे गर्नुपर्ने हो, त्यो गर्दैनन् अनि जे नगर्नुपर्ने हो, त्यो गर्छन् । अनि मन्दी आफै आउन बाध्य हुन्छिन् ।

हैन हैन, दिदी, बहिनी र छोरीहरू त उनीहरूको घरबाट पो माइत आउँछन् । तीजमा बरु बाउ, दाजुहरू लिन जान्छन्, अनि मात्र आउँछन् । तर मन्दीलाई लिन चैं को गयो त ?

'म त गा छैन । मन्दी मेरी दिदी, बहिनी हुँदै होइन' भन्नुहोला । तपाईंले नमाने पनि मन्दीले तपाईंलाई आफन्त मानिहाल्छे । जब पैसाको कारोबार गर्नुहुन्छ, सामान किन्ने र बेच्ने कुरा गर्नुहुन्छ, कुनै न कुनै बेला मन्दीसँग दोस्ती भइहाल्छ । नाता छैन भने पनि जोडिइहाल्छ ।

'त्यसो भए यी मन्दी कसकी दिदी, बहिनी हुन् त ? मन्दीको नागरिकता वा नेशनल आईडी केही त पक्कै होला नि त ?'

तपाईं पनि कस्तो कुरा गर्नुहुन्छ ? मन्दीको पनि कतै नागरिकता कार्ड हुन्छ त ?

'त्यसो भए मन्दीको पासपोर्ट त होला नि ? पत्ता त लगाउनुस् न, यी मन्दी नानी कहाँबाट आइरहेकी छिन् ?'

मन्दी कसैको घरमा आउँदिनन्, बजारमा चैं आउँछिन् क्या ! बजारपछि छिमेकमा, अनि मात्रै तपाईंको घरमा आउँछिन् मन्दी ।

मन्दीलाई न भिसा चाहिन्छ न त पासपोर्ट वा आइडी । ढोका थुने झ्यालबाट, झ्याल थुने प्वालबाट कतै न कतैबाट छिरिहाल्छ । संसार थर्काउने अमेरिकाले नि रोक्न सकेन मन्दीलाई । त्यसैले कार्डसार्ड चाहिने होइन, बरु मन्दीको आफ्नै चाडबाड चाहिँ हुन्छ । मान्छेको चाडबाडमा खर्चपर्च बढ्छ, मन्दीकोमा चाहिँ घट्छ । त्यति हो फरक । आत्मा परमात्मा भनेजस्तै यी पनि मन्दी महामन्दी आदि अनेक नामधारी छिन् ।

'बजारमा मन्दी एक्लै आउँछिन् कि क्या हो ? भिडभाडमै आउँछिन् होला नि होइन र ? किनकि हिजोआज कतिपय बजारमा गोडा राख्ने ठाउँ पनि हुँदैन । जस्तो, सुनको पसलमा नै जानोस् न, त्यहाँ यति भिड हुन्छ कि निःशुल्क बाँड्दैछन् जस्तो लाग्छ ।'

**मन्दीलाई न भिसा चाहिन्छ न त पासपोर्ट वा आइडी । ढोका थुने झ्यालबाट, झ्याल थुने प्वालबाट कतै न कतैबाट छिरिहाल्छ । संसार थर्काउने अमेरिकाले नि रोक्न सकेन मन्दीलाई । त्यसैले कार्डसार्ड चाहिने होइन, बरू मन्दीको आफ्नै चाडबाड चाहिँ हुन्छ ।**

त्यसो होइन, जानकारहरू भन्छन् कि जब मन्दी आउन लाग्छिन्, तब सुनको चैं विक्री बढ्छ ।

'त्यसो भए यसो होला भनम न, मन्दी नवविवाहित बुहारी जस्तै रहिछन्, सुन र सुनका गरगहना मन पराउने । हाम्रो परम्परामा विवाहको मौसममा सुन किन्ने चलन छ । चार वर्षअघि ठूलोवाली मन्दी आउँदा चार लाखको सुन किनिएको थियो, अनि गतवर्ष सानो मन्दी आउँदा ६ लाखको । तर मन्दी जसको भए पनि घरको इज्जत हुन्छ नि, त्यो त बचाउनैपर्छ । त्यसैले मन्दी नानी बजारमा एक्लै आउनु हुन्न । शहरका गल्लीगल्ली हृदय सम्राट गुण्डाहरूले भरिएका छन् ।'

पक्कै सोध्नुहोला 'खै के कुरा गरेको ? तपाईंले अर्थशास्त्र त पढ्नुभएको छ कि क्या हो ?'

'अर्थशास्त्र त होइन, अरू धेरै शास्त्र पढेको छु । किन र ?'

'त्यसैले त धेरैलाई यो कुरा बुझ्न गाह्रो भएको छ । किनकि जसले अर्थशास्त्र पढेका छन्, मन्दीका कुरा उनीहरूका लागि हो, अरूका लागि त व्यर्थ हो । 'अर्थ न बर्थ गोविन्द गाई' भनेजस्तो ।

यो त गलत कुरा हो । लोकतन्त्र सबैका लागि हो । अनि लोकतन्त्रमा मन्दी पनि सबैका लागि हुनुपर्छ । गरीबहरू के मात्र भोट हाल्नका लागि जन्मेका हुन् र ? नौनी नौनी चैं नेताहरूले खाने, मही मात्र जनताले पाउने, त्यो पनि बासी ? के यो ठीक भइरहेको छ र ? अब यस्तो चल्दैन ।

'मन्दी नौनी होइन नि यार । कसरी बुझाऊँ तपाईंलाई ? मन्दी त आउँछिन् अनि बादलजस्तै छाउँछिन् बस...। जब उनी ठीकसँग छाउछिन्, तब सरकारले पो चिन्ता गर्नुपर्छ त ।'

पूरै सरकारले चिन्ता गर्छ कि कुनै 'चिन्ता-मन्त्री' हुन्छ ?

'सबैले गर्छन् । पूरै सरकारले दिन-रात चिन्ता गर्छ ।'

चिन्ताले चातुर्य घट्छ, दुःखले शरीर घट्छ, पापले लक्ष्मी घट्छ भन्छन् नि त ज्ञानीहरू ?

'चिन्ता त चिन्ता-मन्त्रीले मात्र गर्छन् । वास्तवमा भित्रभित्रै उनी चिन्ता-मन्त्री हुन्, तर उनलाई अर्थ वा वित्त-मन्त्री भनिन्छ । रूप र सारमा भिन्नता हुन्छ नि ठीक त्यस्तै । जस्तै, जो माथिबाट जनताका सेवक कहलाइन्छन्, उनीहरू वास्तवमा मालिक हुन्छन् । जस्तै, तपाईं हामी जनता भनिन्छौं, तर भित्रभित्रै हामी प्रजा हौं ।'

त्यसो भए प्रजाले के गर्नुपर्छ ? अहिल्यै केही गर्नुपर्छ कि मन्दी पूरै छाएपछि मात्र गर्नुपर्छ ?

'नयाँ केही गर्नुपर्दैन । जसरी पहिले राजा महाराजाहरूको जयजयकार गर्ने गर्थ्यौं, त्यही नै गर्दै बस्नुपर्छ ।'

बरु ऊ बाहिर राम्रोसँग नियालेर हेरौं त, मन्दी नानी त यतै हाम्रैतिर पो आइरहेकी छिन् है !

## तथ्यांकोवाच

### डेकोरेटिभ बत्ती (झिलीमिली बत्तीसमेत)को विश्व आयात बजार ४४ अर्ब २१ करोड अमेरिकी डलर

वर्तमान युगको अत्यावश्यक वस्तुका रूपमा परिचित डेकोरेटिभ बत्ती (झिलीमिली बत्तीसमेत)को विश्व आयात ४४ अर्ब २१ करोड अमेरिकी डलर बराबर रहेको छ । विश्व बजारमा अत्यधिक माग रहेको डेकोरेटिभ बत्ती (झिलीमिली बत्तीसमेत)को क्षेत्रमा नेपालले पनि आफ्नो क्षमताले भ्याउने क्षेत्रमा उपस्थिति जनाउन सक्ने रणनीति तर्जुमा हुन आवश्यक छ ।

| आयातकर्ता मुलुकहरू | मूल्य हजार अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| विश्व | ४४,२०५,८९४ | १९,९५४,७४७ | १०० |
| **प्रमुख मुलुकहरू** | | | |
| संयुक्त राज्य अमेरिका | ९,४४०,५२६ | -७,७९९,३०९ | २१.४ |
| जर्मनी | ३,१००,४१७ | -७५,५४३ | ७ |
| फ्रान्स | २,१८१,२१८ | -१,२४१,२२१ | ४.९ |
| संयुक्त अधिराज्य | १,९२१,५३९ | -१,२३५,७५७ | ४.३ |
| क्यानडा | १,५५०,८३२ | -६०४,२५६ | ३.५ |
| नेदरल्याण्ड्स | १,५०३,२३२ | -३०३,९१३ | ३.४ |
| इटाली | १,१२१,५४५ | ९३४,२३४ | २.५ |
| जापान | १,०११,६७८ | -८९३,०३८ | २.३ |
| स्पेन | ९८४,२५० | -१२१,७२७ | २.२ |
| रूसी संघ | ९५१,८३९ | -९११,०४५ | २.२ |
| अष्ट्रेलिया | ९४८,९८४ | -८६५,९६८ | २.१ |
| स्विट्जरल्याण्ड | ९१५,३१६ | -७९५,२६० | २.१ |
| बेल्जियम | ८९७,४८१ | -२०८,७४२ | २ |
| अस्ट्रिया | ८६१,१९९ | १०९,६५४ | १.९ |
| कोरिया, गणतन्त्र | ६६२,७७७ | -४४०,११३ | १.५ |
| साउदी अरेबिया | ६६०,११९ | -६३८,३३७ | १.५ |
| संयुक्त अरब इमिरेट्स | ६५०,९५८ | -४२७,९२४ | १.५ |
| मेक्सिको | ६३६,२६६ | १,२२१,६०२ | १.४ |
| स्वीडेन | ६०४,५४० | -२७२,६३८ | १.४ |
| नर्वे | ५४४,४०० | -३८०,७६० | १.२ |
| डेनमार्क | ५१९,१८५ | -६,१८८ | १.२ |
| चीन | ४९३,६०९ | ४०,९३१,१०६ | १.१ |
| भारत | ४८८,६८८ | -१७७,४४३ | १.१ |
| थाइल्याण्ड | ४०५,९०६ | -१४४,९११ | ०.९ |
| भियतनाम | ४००,८४२ | २६०,२६६ | ०.९ |
| ब्राजिल | ३८३,३५८ | -३५५,२७२ | ०.९ |
| इराक | ३७७,३९९ | -३७७,१८९ | ०.९ |
| चेक गणतन्त्र | ३६४,३४५ | १५४,७५२ | ०.८ |
| हङकङ, चीन | ३३५,९०७ | -२०,७९० | ०.८ |
| रोमानिया | ३२१,२८२ | -११८,०७६ | ०.७ |
| टर्की | ३०४,८९५ | ३,६२३ | ०.७ |
| हंगेरी | ३००,०९७ | ४६,१७३ | ०.७ |
| सिंगापुर | २८९,६६८ | -१८६,५१८ | ०.७ |
| पोर्चुगल | २७७,७७४ | -१६३,०७५ | ०.६ |
| इजरायल | २६४,५१८ | -२४५,६०९ | ०.६ |
| फिनल्याण्ड | २५२,३७२ | -११४,४६० | ०.६ |
| आयरल्याण्ड | २४३,४७२ | -२०७,२१६ | ०.६ |
| ग्रीस | २४०,२९० | -१३७,२३७ | ०.५ |
| इन्डोनेसिया | २२३,३४९ | -१७१,१५८ | ०.५ |
| फिलिपिन्स | २१४,६८० | -१०६,८०९ | ०.५ |
| ताइपेई, चिनियाँ | १९९,८४० | ४९,६७२ | ०.५ |
| मलेसिया | १८४,९९४ | १६४,६७० | ०.४ |

| आयातकर्ता मुलुकहरू | मूल्य हजार अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| न्यूजील्याण्ड | १७९,०२१ | -१५७,२९४ | ०.४ |
| काजाकिस्तान | १६९,४६२ | -१६२,८८७ | ०.४ |
| स्लोभाकिया | १६८,४०१ | -४७,७१४ | ०.४ |
| चिली | १६८,०५० | -१६१,९४६ | ०.४ |
| कोलम्बिया | १६६,१४९ | -१४२,२७४ | ०.४ |
| लिबिया, राज्य | १६२,७४० | -१६२,७३७ | ०.४ |
| पेरु | १५८,८२४ | -१५६,७९७ | ०.४ |
| अल्जेरिया | १५७,३४५ | -१५७,२१५ | ०.४ |
| मोरक्को | १५०,७४६ | -१३२,०७० | ०.३ |
| पोल्याण्ड | १४५,९८० | -३९,३३२ | ०.३ |
| क्रोएसिया | १४४,६११ | -१०४,९६१ | ०.३ |
| अर्जेन्टिना | १४२,३६३ | -१४०,२४० | ०.३ |
| बुल्गेरिया | १३८,७६९ | -२५,५१२ | ०.३ |
| इरान, इस्लामिक गणतन्त्र | १३३,६८८ | -१२४,८२५ | ०.३ |
| इजिप्ट | १३३,३८५ | -११३,८८२ | ०.३ |
| कतार | १२७,६१२ | -१२३,६३२ | ०.३ |
| दक्षिण अफ्रिका | १२५,०६४ | -७०,६९२ | ०.३ |
| कुवेत | ११८,३६६ | -११६,९७७ | ०.३ |
| बंगलादेश | ११२,९१९ | -१११,१८३ | ०.३ |
| युक्रेन | १०७,०६८ | -२७,५९० | ०.२ |
| लिथुआनिया | १०४,१८२ | ५,६९७ | ०.२ |
| स्लोभेनिया | ९८,०९१ | -१०,६६१ | ०.२ |
| सर्बिया | ९६,७३६ | ४३,८०७ | ०.२ |
| बेलारुस | ८५,५८६ | -७९,७६२ | ०.२ |
| भेनेजुएला, बोलिभेरियन गणराज्य | ८१,९३५ | -८१,९२६ | ०.२ |
| इस्टोनिया | ७१,६१४ | ४१,७२६ | ०.२ |
| अजरबैजान | ७१,०१० | -७०,९१२ | ०.२ |
| कोस्टा रिका | ६९,४२६ | -५९,०१२ | ०.२ |
| डोमिनिकन गणराज्य | ६७,९८६ | -६७,६४१ | ०.२ |
| पनामा | ६७,९१७ | -३१,५४४ | ०.२ |
| इक्वेडर | ६७,०६२ | -६६,५८४ | ०.२ |
| ओमान | ६५,३४० | -६३,३८२ | ०.१ |
| कम्बोडिया | ६४,४१० | ४१२,६७० | ०.१ |
| जोर्डन | ६४,३९५ | -६०,१०० | ०.१ |
| लक्जमबर्ग | ६४,०८४ | -५५,७१० | ०.१ |
| क्यामरून | ६१,८३६ | -६१,४६३ | ०.१ |
| जर्जिया | ६०,६४८ | -५९,७२४ | ०.१ |
| लाटभिया | ५५,९५० | -२४,८५१ | ०.१ |
| उज्बेकिस्तान | ५५,८६४ | -५५,०२५ | ०.१ |
| ग्वाटेमाला | ५५,४६१ | -५०,४५८ | ०.१ |
| केन्या | ५४,७०० | -४७,१६१ | ०.१ |

*स्रोत : आइटिसी*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर